# परिच्छेद- एक

# परिचय

यस परिच्छेदमा शोध कार्यको परिचय अन्तरगत शोध अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको महत्व , अध्ययनको उदेश्य, अध्ययनका प्रश्नहरु, अध्ययनको परिसिमा तथा शब्दावलीको परिभाषालाई यस प्रकार उल्लेख गरिएको छ ।

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालमा अपाङ्ग ब्यक्तिहरुका लागि शिक्षाको शुरुवात वि.स.२०२१ सालबाट लेवोरेटोरी स्कुलमा  दुष्ट्रिविहिन विद्यार्थीका लागि पठनपाठनको थालनीबाट भएको हो । वि.स.२०२० सालमा इसावेल ग्रान्ट नाम गरेकी दृष्ट्रिविहिन अमेरिकाकी महिला नेपालमा छुट्टी मनाउन आएको समयमा नेपालमा दृष्टिविहिनका लागि शिक्षाको कुनै ब्यस्था नभएको बुझेर तत्कालीन अधिकारीहरुसँग कुरा गरी दृष्टिविहिनहरुका लागि एकिकृत कक्षा सञ्चालन गर्न अनुरोध गरिन् । त्यसपछि एकजना दृष्टिविहिन पिसकोर स्वयम्सेवकलाई शैक्षिक सामग्रीसहित नेपाल पठाइएको पाइन्छ । उनले वि.स.२०२१ म लेवोरेटोरी स्कुलका शिक्षक तथा कलेज अफ एजुकेशन केही विद्यार्थीहरुलाई दृष्टिविहिनहरुलाई पढाउने तालिम दिए र वि.स.२०२१ साल फागुनदेखि लेवोरेटरी स्कुलमा नौ जना दृष्टिविहिन विद्यार्थीहरु भर्ना गरी अपाङ्गता भएका बालबाविलकाका लागि शिक्षा कार्यक्रमको थालनी भयो । यसै गरी वि.स.२०२३ सालमा बालमन्दिर नक्सालमा बहिरा बालबालिकाका लागि विद्यालय स्थापना भयो ।

शारीरिक अपाङ्गताको क्षेत्रमा स्वयम् अपाङ्ग ब्यक्ति खगेन्द्रबहादुर बस्नेतको सक्रियतामा नेपाल अन्धा अपाङ्ग संघ स्थापना भयो । शिक्षा र ब्यवसायिक तालिम दिने उदेश्य रहेको यो संस्था वि.स.२०२६ मा जोरपाटीमा विद्यालय स्थापना ग-यो । त्यो विद्यालय हालमा खगेन्द्र नवजीवन विशेष शिक्षा तथा ब्यवसाय प्रशिक्षण विद्यालयका नामले सञ्चालन हुँदैआएको छ ।

सुस्त मनस्थिति भएका बालबालिकाहरुको लागि शिक्षा दिने उदेश्यले वि.स.२०३७ सालमा निर्मल बालविकास केन्द्र नामक संस्थाको स्थापना भयो । यसरी चारओटा क्षेत्रका अपाङ्ग बालबालिकाहरुलाई शिक्षा दिने विद्यालयहरु स्थापना भए ।

पहिले अपाङ्गता भएका बालबालिकाको शिक्षालाई विशेष शिक्षा भनिन्थ्यो । विशेष शिक्षालाई योजनाबद्ध विकास गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ पछि वि.स.२०३० सालमा विशेष शिक्षा क्षेत्रमा काम गर्ने विद्धानहरुसहित शिक्षा मन्त्रीको अध्यक्षतामा विशेष शिक्षा परिषदको गठन भयो । यस परिषद्ले हालसम्म कार्य गरिरहेको छ । यस परिषद्को प्रत्यक्ष निगरानीमा ३४ ओटा विद्यालयले अपाङ्गता भएका बालबालिकालाई शिक्षा प्रदान गर्छन् । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले वि.स.२०५० मा अपाङ्गता भएका बालबालिकालाई शिक्षा दिने विद्यालयमा श्रोतकक्षा स्थापना गरी एकिकृत शिक्षाको विस्तार ग-यो ।  हाल नेपालमा शीर्षकगत अनुदान र एकमुष्ट अनुदानमा ३७३ ओटा श्रोत कक्षा सञ्चालनमा छन् । हाल नेपालमा साधारण, विशेष र श्रोतकक्षा विद्यालयमा विभिन्न खालका अपाङ्गगता भएका करिव ७७००० विद्यार्थी अध्ययन गर्छन् । विशेष विद्यालय र श्रोतकक्षामा करिब ५६०० विद्यार्थी अध्ययन गर्छन् । समाहित शिक्षा सूचना सामग्री (२०६८),

शिक्षा मानव जिवनका लागि अपरिहार्य बस्तु हो । शिक्षा जिवनपर्यन्त चलिरहने एक गतिशील प्रक्रिया हो । शिक्षा विना मानव जिवन औचित्यहिन बन्न जान्छ । शिक्षाले मानवलाई सभ्य र सामाजिक प्राणीमा रूपान्तरण गर्न सहयोग गर्दछ । शिक्षाको विकासनै देश विकासको इन्जिन हो । यसको अभावमा आधुनिक समाजको परिकल्पना गर्न समेत सकिन्न । एकाइसौं शताब्दीमा विश्व ज्ञान, विज्ञान र प्रवीधीको विकासको नया चरणमा प्रवेश गरेको छ । विश्वलाई विकासको द्रूत गतितिर धकेल्न शिक्षाको ठुलो हात छ । शिक्षाले आजको प्रतिस्पर्धि विश्वलाई उन्नतिको बाटोमा लैजान सक्ने सक्षम र समयले मागेको आर्दशवान नागरिक तयार गर्न सक्दछ ।

मानव सभ्यताको सुरुवात देखि नै प्रत्यक्ष, अप्रत्यक्ष रूपमा शिक्षाको विकास हुदै आएको मानिन्छ । समयको गतिसंगै धेरै उतारचढावहरु पारगर्दै नेपालको शिक्षा प्रणाली आजको  स्थीति सम्म आइपुगेको छ । नेपालमा  शिक्षाको विकास वि.सं. १९१० सालमा राणा प्रधानमन्त्री जङ्गवहादुरले गरे । उनले अंग्रेजी प्रारम्भिक स्कुलको स्थापना गरी शिक्षाको औपचारिक सुरुवात गरेका थिए । प्राचीन संस्कृत र वौद्ध शिक्षाको परम्परामा संस्थागत शिक्षाको नयाँ जग बसाल्ने काममा यही अंग्रेजी शिक्षा पहिलो भएको देखिन्छ । तर वास्तविक अर्थमा शिक्षा क्षेत्रमा सुधारको कार्य वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय पछि मात्रै भएको पाइन्छ । (अधिकारी, २०६६)

शिक्षाको परिभाषा विभिन्न विद्धान तथा शिक्षाविदहरुले निम्नानुसार दिएका छन् ।

“शिक्षा भनेको सार्वजनिक वैधताका विचारलाई बाहिर ल्याउनु हो, जुन प्रत्येक मानिसको मनमा लुकेर बसेको हुन्छ” । सोक्रेट्स

“शिक्षा जीवन हो, जीवनको तयारी होइन” । जोन डिवे

“मानिसमा भएका सम्पूर्णताहरुको पहिचान नै शिक्षा हो” । विवेकानन्द

“शिक्षा विद्यालय, विद्यालय व्यवस्थापन, पाठ्यक्रम एंव समय तालिकाको बन्धनबाट मात्र सम्भव हुन्छ”। शर्मा एण्ड शर्मा

“निर्धारित पद्धतिबाट निर्धारित समयभित्र गरिने शिक्षणलाई शिक्षा भनिन्छ” । डा.मनप्रसाद वाग्ले

“शिक्षा क्रोक्रोबाट शुरु हुन्छ र चित्तामा गएर अन्त्य हुन्छ” । डम्भिल

समाहित शिक्षा भन्नाले सवै वालवालिकाहरुका लागि शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकाश पक्रिया भन्ने बुझिन्छ । यसले विद्यालयमा समुदायको स्वामित्वलाई महत्व दिदै वालवालिकाको आवश्कता अनुकुल उपयुक्त वातावरण र सहयोग पाएका सवैले सिक्न सक्दछन् भन्ने मान्यता विश्वास गर्दछ ।

समाहित शिक्षा पद्धतिले राष्ट्रिय एंव स्थानिय तहमा कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट बञ्चित रहेका एंव विद्यालयमा रहेर पनि आवश्यकता अनुकुल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाड्ने खतरामा पुगेका वालवालिकाको पहिचान गर्नुका साथै सम्पूर्ण वालवालिकाको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकतालाई पूरा गर्न प्रोत्साहन गर्दछ । हाल राष्ट्रिय स्तरमा पहिचान गरीएका समाहित शिक्षाका प्रमुख लक्षित समुह अन्तरगत वालवालिका, महिला, अपाङग, दलित, जनजाती, ,सडक वालवालिकाका द्धन्द्धपिडित, बेचविखन तथा यौनशोषण्बाट पिडित, गरिब, कमैया, तथा, मजदुर वालवालिका, असहाय, अनाथ , रोगग्रस्त वालवालिका र श्रमिक वालवालिका पर्दछन् ।

माथिको परिभाष तथा प्रमुख लक्षित समुहको पहिचान अनुसार समाहित शिक्षाले अपाङ्ग मात्र नभएर शिक्षाको अवसरबाट बञ्चित रहेका तथा शिक्षण सिकाइमा मूलरुपमा परिस्थिति जन्य वा अन्य कारणले कठिनाई भोगिरहेका सवैखालका वालवालिकालाई समेटछ

। यो एउटै छुट्टै कार्यक्रम नभएर भइरहेको प्रणालीमा सुधार गरी सवैको आवश्कता पुरा गर्न सहयोग पु-याउने रणनीति हो । यसले विद्यालयलाई सुधार गरी “सवैको लागि विद्यालय र सवैका लागि शिक्षा” अर्थात सवैखालका केटाकेटीलाई विद्यालयले स्वागत गरी उनीहरुको आवश्यकता तथा खाँचो बमोजिमको शिक्षा र तालिम प्रदान गर्दछ । सिकाइको लागि कुनै पनि कारणले वहिस्कृत भएका वा समाहित नभएका वर्गको लागि विद्यालयले स्वागतयोग्य वातावरण तयार गरी सिकाइमा सहभागी गराउनु पर्दछ ।

नेपालमा समाहित शिक्षा कार्यक्रम एउटा नयाँ अवधारणाको रुपमा आएको हो । यो अवधारणालाई स्पेनको सालामान्कामा सन १९९४ जुन ६-१० मा सम्पन्न भएको विशेष आवश्यकता शिक्षा सम्बन्धि विश्व सम्मेलनबाट व्यवहारमा ल्याउन थालिएको हो । यस अवधारणा अनुसार नियमित रुपमा सञ्चालन भईरहेको हाम्रा विद्यालयहरुमा विना भेदभाव समुदायका सवै किसिमका वालवालिकाहरुलाई शिक्षा हासिल गर्न आवहान गर्नु पर्दछ ।

समाहित शिक्षाको परीक्षण कार्यक्रम २०६० मा उल्लेख भए अनुसार “शिक्षाको अवसरबाट बञ्चित रहेका गरीब, पिछडिएका , दलित , बालश्रमिक , सडकबालबालिका , अपाङ्ग, भाषिक कठिनाई भएका, भौगोलिक, सामाजिक तथा साँस्कृतिक रुपले पिछडिएका,दलित, बालश्रमिक, सडक वालवालिका , अपाङ्ग,भाषिक कठिनाई भएका भौगोलिक , सामाजिक तथा साँस्कृतिक रुपले पिछडिएका वालवालिकाहरुलाई शिक्षाको मूलप्रवाहमा ल्याई उनीहरुको आवश्कता, रुची, चाहना, र क्षमता अनुकुल सिकाइ उपलब्धि हासिल गर्ने वातावरणको विकास गर्ने शिक्षा नै समाहित शिक्षा हो ।

यो अवधारणालाई विभिन्न देशरुले व्यवहारमा लागु गर्न थालेका हुन् । हाम्रो देशमा पनि यसलाई कार्यान्वयन गर्न आर्थिक वर्ष २०५६।०५७ देखि डेनमार्कको काउण्टी अफ कोपन हेगन, रोयल डेनिस युनिभर्सिटी  अफ एजुकेशन र शिक्षा तथा खेलकुद मन्त्रालय विच सम्झौता भयो । सम्झौता पश्चात संस्थागत सम्वन्धन कार्यक्रम (आईएलपी) अन्तर्गत डेनिस परामर्शदाताहरु मर्फत शिक्षा विभाग विशेष शिक्षा शाखा सँग सम्वन्य गरी समाहित शिक्षाको परीक्षण कार्यक्रम लागु गरियो । परीक्षण कार्यक्रम लागु गर्ने क्रममा तराई, पहाड, हिमाली क्षेत्रको समोत अनुभव हासिल गर्न सकिने गरी वाँके जिल्लाको चारवटा विद्यालय, उदयपुरका चारओटा विद्यालय, सिन्धुपाल्चोकका दुईओटा विद्यालय र काभ्रेपलाञ्चोकका दुईओटा विद्यालय गरी जम्मा १२ ओटा विद्यालयमा परीक्षणको रुपमा वि.स.२०५८ बाट यो कार्यक्रम लागु भएको हो  स्रोतः शिक्षा विभाग, २०६०

समाहित शिक्षा कार्यक्रमलाई समग्र राष्ट्रिय शैक्षिक मूलधारमा अगाडी बढाउने सिलसिलामा २०६२ सालमा बाँके, उदयपुर र काभ्रे, र सिन्धुपाल्चोक जिल्लाका ९/९ ओटा विद्यालय र झापा, चितवन, वर्दिया, डडेल्धुरा जिल्लामा ६/६ ओटा विद्यालय गरी जम्मा ६० ओटा विद्यालयमा समाहित शिक्षा लागु गरिएको छ । २०६४ सालमा २२ जिल्लाका २१० विद्यालयमा लागु गरीएको तथा २०६५ सालमा समेत केही विद्यालयमा कार्यक्रम थप सञ्चालन गरीएको छ । जिल्ला शिक्षा कार्यालयले सम्भव भएसम्म एउटा स्रोतकेन्द्रका एउटै गाँउ विकास समितिभित्र भौगोलिक रुपमा नजिक रहेका तीनओटा विद्यालयहरु छनोट गर्नु पर्नेछ । एउटै गाँउ विकास समितिभित्र नजिकमा तीनओटा विद्यलाय नरहेको अवस्थामा मात्र जिल्ला शिक्षा कार्यालयले छिमेकी गाँउ विकास समितिको विद्यलायलाई छनोट गर्न सक्छ ।

समाहित शिक्षाले जोड दिएको अर्थपूर्ण र उपयोगी सिकाइमा विद्यार्थी केन्द्रित क्रियाकलाप हुनुपर्ने, शिक्षकको काम शिक्षण सिकाई कार्यकलापमा उपयुक्त बातावरण मिलाउने बालबालिकालाई स्वंय सिकाई गर्ने अनुकुल वातावरण तयार पार्न प्रश्नोत्तर , छलफल, कथाकथन, भुमिका अभिनय, प्रदर्शन, अध्ययन भ्रमण, समस्या समाधान र परियोजना कार्य आदी विधिको प्रयोग गर्नुपर्छ । प्रत्येक विद्यार्थीलाई यी सवै विधिहरु उपयूक्त नहुने हुदाँ प्रश्नोत्तर, छलफल र कथाकथन विधि आँखा नदेख्ने विद्यार्थीहरुका लागि, भूमिका अभिनय, प्रर्दशन, क्षेत्रभ्रमण र परियोजना कार्यविधि आँखा देख्ने विद्यार्थीहरुका लागि उपयूक्त छन् । बालकेन्द्रित शिक्षण विधिको प्रयोगद्धारा शिक्षण सिकाई क्रियाकलाप गर्दा शिक्षणले सहयोगीको भूमिका खेल्नु पर्ने भएकाले ब्यक्तिगत विभिन्नता पहिचान गरेर प्रत्येक विद्यार्थीलाई कसरी सिकाउदा सिक्न सक्दछ , त्यस अनुरुप शिक्षण सिकाई क्रियाकलाप गर्नु नै अर्थपूर्ण र उपयोगी सिकाई हो भनेर खुट्याइएको छ ।

## समाहित शिक्षाको नीतिगत पृष्ठभूमि

दशौ योजना जुन नेपालको गरीवी निवारणको रणनीति पनि हो । उक्त योजनाले सामाजिक समावेशीकरणवलाई आफ्नो चारओटा खम्वा मध्ये एउटा खम्वाको रुपमा अङ्गिकार गरेको छ । यसमा विकेन्द्रिकरणलाई मूल रणनीतिको रुपमा प्रस्तुत गरीएको छ । जसमा

विद्यालयको शिक्षामा बढ्दो सामुदायिक सहभागिताद्धारा स्थानिय रुपमा व्यवस्थित गर्ने कुरा उल्लेख भएको छ। स्रोतः नेपाल सरकार, स्थानिय स्वयात शासन ऐन, २०५५

शिक्षा ऐन २०२८ को सातौ संशोधन २०५८ले समुदायहरुलाई प्राथमिक शिक्षाको गुणस्तर र प्राथमिक शिक्षामा पँहुचको क्षमता अभिवृद्धि गर्न प्राथमिक विद्यालयहरुको व्यवस्थापन आफैले गर्ने औपचारिक अधिकार प्रदान गरेको छ । स्रोतः शिक्षा ऐन, सातौ संशोधन, २०५८

संयुक्त राष्ट्रसंघ लगायत सदस्य राष्ट्रहरुको तत्वधानमा नेपालले सन १९९० मा भएको "सवैका लागि शिक्षा"भन्ने विषयमा थाइल्याण्डको जोम्टीयनमा सम्पन्न विश्व सम्मेलनले शिक्षा सवैको लागि भन्ने लक्ष्य निर्धारण ग-यो । आफ्नो समुदाय भित्र सान्दर्भिक शिक्षा प्राप्त गर्नु सवै वालवालिकाहरुको अधिकारको कुरा हो भन्ने कुरामा सहमत भए । सिमान्तकरण र भेदभावको मारमा परेर असहाय भएका केटाकेटीहरु युवाहरुको आवश्यकता परिपूर्तिको लागि वर्तमान रणनीतिहरु र कार्यक्रमहरु धेरै मात्रामा अपर्याप्त र अनूकुल छन् भन्ने कुरा ठम्याइएको छ । सीमान्तकरण र वञ्चितीकरण गरीएका विभिन्न समुहलाई लक्षित गरेका कार्यक्रमहरु विधमान छन् त्यहाँ ती कार्यक्रमहरु मूलधार भन्दा बाहिरमात्र चालु अवस्थामा छन् । जस्तै विशेष कार्यक्रमहरु, विशिष्टकृत संस्थाहरु र विशेषज्ञहरु शिक्षादाताको रुपमा रहेका छन् । शिक्षा सम्वन्धि अर्को विश्व वैठक पूनःसन् २००० मा सम्पन्न भयो जसलाई "डकार विश्व शिक्षा घोषणा" भनिन्छ ।  यो वैठकले "सवैका लागि शिक्षा"भन्ने कुरा प्रष्ट ग-यो । कार्यक्रमले गरिव र सवभन्दा असुविधामा रहेका मानिसहरुको आवश्यकतालाई ध्यानमा राख्नु पर्छ भन्दै यस विश्व वैठकमा "सवैका लागि शिक्षा"को लक्ष्य हासिल गर्नको लागि समाहित शिक्षालाई मूख्य रणनीतिको रुपमा अपनाइयो ।

नेपाल अधिराज्यको संविधान २०४७ भाग-३ धारा ११(३) मा राज्यले नागरिकहरुको विच धर्म, वर्ण, लिङ्ग जातजाती र वैचारिक अवस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरीने छैन् तर वालक, वृद्ध वा शारीरिक वा मानसिक रुपले असल व्यक्ति वा आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि


कानुनद्धारा विशेष व्यवस्था गर्न सकिनेछ भनिएको थियो । स्रोतः नेपाल सरकार, नेपाल अधिराज्यको संविधान, २०४६

नेपालको अन्तरीम संविधान २०६३ को भाग ३ धारा १३ (३) मा कानुनद्धारा महिला, दलित, आदीवासी, जनजाती, पछाडि परेका, बालक, वृद्ध, अपाङ्ग, असल ब्यक्तिको संरक्षण गर्ने व्यवस्था गर्न संविधान बाधक नहुने उल्लेख छ । त्यस्तै भाग ३ धारा २२ (४) मा असाहय, अनाथ, सुस्तमनस्थिति द्धन्द्धपिडित, विस्थापित एंव जोखिममा परेका सडक बालवालिकालाई सुनिश्चित भविश्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ भन्ने व्यवस्था गरीएको छ । स्रोतः नेपाल अन्तरिम संविधान, २०६३

यसरी प्रत्येक ब्यक्तिले शिक्षा पाउनु पर्छ भन्ने व्यवस्था कानुनी रुपमा संविधानमा नै उल्लेख गरीएको छ । यसलाई व्यवहारमा उतार्न समाहित शिक्षाले सहयोग गर्दछ । विकाशका साधनहरु कम भएका विकासशिल देशका सम्पूर्ण वालवालिकालाई शैक्षिक अवसरमा पँहुच पु-याउनु भनेको हालको परिप्रेक्ष्यमा समाहित शिक्षाको अवधारणाले प्रत्येक वालवालिकाले घरआँगन छेउमा आ-आफ्नो दौंतरीका साथ विनाभेदभाव, अवरोधरहित वातावरणमा पढ्न पाउने अधिकारको प्रत्यभुती गराउनु हो ।


समाहित शिक्षा कार्यक्रम सवै जिल्लामा विस्तार भइसकेपछि विशेष आवश्यकता भएका सवै बालवालिकाले दयामायाको रुपमा नभइ अधिकारको रुपमा शिक्षामा आफ्नो पहुँच पु-याउन सक्छन् ।

समाहित शिक्षालाई निम्नानुसार चित्रात्मक रुपमा प्रस्तुत गरीएको छ ।



**अपाङ्गताका प्रकार**

**अपाङ्गलाई चित्रमा निम्नानुसार देखाईएको छ ।**




अपाङ्गता, शारीरिक, मानसिक र संवेदनात्मक हुन्छन् । शारीरिक भित्र हातखुट्टा वा शरीरका अङ्गहरुमा विकृति हुनु हो भने सम्वेदनात्मक भित्र नदेख्ने, सुस्तश्रवण पर्दछ । मानसिक अपाङ्गताभित्र सुस्तमनस्तिथि तथा असक्षम भएका ब्यक्तिहरु पर्दछन् । स्रोत: नेपाल चेलीवेटी अपाङ्ग महिला समाज

**१.२ समस्याको कथन**

प्राथमिक उमेर समुहका (५-९) वर्षका विद्यालय वातावरण भन्दा बाहिर रहेका वालवालिकाहरुलाई विद्यालयभित्र ल्याई सवैलाई शिक्षा दिने व्यवस्था गर्न समाहित शिक्षा लागु गरीएको हो । हाल नेपालमा आधारभुत तथा प्राथमिक शिक्षा प्राप्त गर्ने अवसरबाट लगभग ११ प्रतिशत वालवालिकाहरु बञ्चित रहेका छन् । औपचारीक शिक्षा दिन धेरै

विद्यालयहरु खोलिए पनि सबै वर्ग, जात, क्षमता, र विविधता सामाजिक, आर्थिक पृष्ठभूमिका वालवालिकाहरुलाई समेट्न सकिएको छैन् । अपाङ्गले समाज, घरपरिवार र राष्ट्रमा नै असर पारेको हुन्छ । कुनै समाज वा परिवारमा अन्धा, वहिरा र सुस्तःमनस्थितिका ब्यक्तिहरु छन् भने त्यो समाज र परिवारलाई अरु ब्यक्तिले हेर्ने दृष्टिकोण फरक हुन्छ । तिनीहरुलाई हेला र घृणा गरेको पाइएको छ । परिवारले त्यस्ता वालवालिकालाई बोझको रुपमा लिई समान अवसर दिदैनन् । परिवारले ती बालवालिकालाई विशेष हेरविचार गर्नुपर्दछ । अपाङ्गहरु कहाँ कहाँ छन् । खोजी शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था गर्नु पर्ने नेपाल सरकारको दायित्व हो । नेपाल सरकारले यो दायित्वलाई प्रभावकारी रुपमा पूरा गर्ने सन्दर्भमा रोजगारीका क्षेत्रमा अपाङ्गहरुलाई ४% आरक्षण गर्ने व्यवस्था गरेका छ । समाजमा अझै पनि रुढीवादी परम्परा विधमान छ । अन्धो, लाटो, लठेब्रो वा बहिरा हुनु पूर्वजन्मको पापको रुपमा लिइन्छ र यस्ता ब्यक्तिले केही गर्न सक्दैनन् भन्ने धारणा राख्दछन् । त्यसैले अपाङ्गका साथै अरु सुविधाबाट बञ्चित बालबालिकाको शैक्षिक अवसरप्रति पहुँच र विद्यालयमा समाहितहरुको भौतिक र मानविय ब्यवस्थापनलाई कसरी ब्यवस्थित गरीएको छ, त्यस पक्षलाई यो शोधकार्यमा समस्याको रुपमा लिई अध्ययन गरीएकोछ । व्यवस्थापन प्रभावकारी रहे नरहेको विषयमा शोधकार्य गरीएकोछ ।

## १.३ अध्ययनको औचित्य

नेपालमा परापूर्वकालदेखि चलिआएको शिक्षा प्रणालीमा अपाङ्ग, बालिका, जनजाती र दलित विच विभेद रहेकोछ । प्रत्येक वालवालिकाहरुले समान रुपले सम्मानजनक शिक्षा प्राप्त गर्न नसकेको अवस्था रहेकोछ जसका कारण शिक्षामा सवै बालबालिकाहरुको पँहुच पुगेको छैन् । सामाजिक विभेद त एकातिर छदैछ भने अर्कातिर शैक्षिक विभेद पनि रहेकोछ । यस्ता विभेदका कारण ती बालबालिकाहरु पछि पर्नुका साथै अवसरबाट पनि वञ्चित रहेका छन् । सामाजिकिरणको विकास पनि भएको देखिदैन् । ती सवै बालबालिकाहरुलाई सामाजिकिरण लगायत मैतृपूर्ण शैक्षिक वातावरण निमार्णमा सहयोग पुग्नेछ भन्ने उदेश्यले मैले विद्यालयमा समाहित शिक्षाको प्रभावकारीता" सम्बन्धमा अनुसन्धान गर्न खोजेको हुँ ।

विशेष प्रकृति, अवस्था, जनजाति, दलित वालबालिका, अल्पसंख्यक समुदाय एंव भाषाभाषी तथा राष्ट्रिय मूलधारमा नसमेटिएकाहरुका लागि छुट्टाछुट्टै वातावरण र स्थितिमा शिक्षाको व्यवस्था गर्नुको साटो सवै बालबालिकाका समान हुन सबैका विशेष आवश्यकता

छन् र ती सवै विशेष आवश्कताका बालबालिकाहरुलाई एउटै विद्यालयको छातामुनी नियमित कक्षामा वैयक्तिक भिन्नता अनुरुपको सहयोगी व्यवस्थाको साथ निर्वाध पहुँच पु-याई राज्यले बालबालिकाको शिक्षा पाउने नैसर्गिक अधिकार सुनिश्चित गर्नु पर्दछ ।

नेपाल विविध सांस्कृतिक, धार्मिक, राजनैतिक, भाषिक र समाजिक भिन्नता भएको देश हो । विभिन्न पृष्ठभुमिबाट वालवालिकाहरु विद्यालयमा अध्ययन गर्न आएका हुन्छन् । उनीहरुको रुची, क्षमता र आवश्यकता बुझेर शिक्षण गर्नुपर्छ । समाहित शिक्षाले यसैलाई जोडदिन्छ र समाजको विविधतालाई सम्मान गर्दछ । सिकाई असक्षमता भएका अपाङ्ग वालबालिकालाई पठाउने विशेष विद्यालयहरु आवश्क मात्रामा छैनन् । यस्तो अवस्थामा अपाङ्ग वालवालिकासँग एक ठाउँमा  राखेर शिक्षा दिनुपर्छ भन्ने मान्यतामा समाहित शिक्षा आधारीत छ । समाहित शिक्षाले उनीहरुको शैक्षिक तह पूरा गर्न सहयोग गरिएकोछ ।

नेपालमा महिला, तल्लो जातका बालबालिका दुर्गम क्षेत्रका बालबालिकाहरु शिक्षामा अझै पनि विभेदीकरणमा परेका भन्ने मान्यता देखिन्छ । यस शोधकार्यले समाहित शिक्षाको प्रभावकारी व्यवस्थापन गर्न सहयोग पु-याउने अपेक्षा गरीएनेछ । समाहित शिक्षा ब्यवस्थापनको वास्तविक अध्ययनबाट सो कार्य सुधारका लागि आवश्यक सुझाव प्रस्तुत गर्न सकिने । कुनै पनि योजनाको केन्द्रविन्दु ब्यवस्थापन पक्ष हुने भएकाले समाहित शिक्षाको ब्यवस्थापन सम्बन्धित कार्यक्रमलाई उपयोगी र सरलीकृत बनाउन सहयोग पुग्न सक्छ । साथै समाहित शिक्षाको सञ्चालनमा देखा परेका समस्याहरुको निराकरण गर्न, समाहित शिक्षाको बारेमा जानकारी राख्न उत्सुक सम्पूर्ण शिक्षाविद, योजनाकार, पाठयक्रमविद, स्थानिय वुद्धिजिवि तथा सरकारी र गैरसरकारी संस्थाहरुलाई आवश्यक जानकारी उपलब्ध गराउन समेत यस अध्ययनले  सहयोग गकिन्छ ।

## १.४ अध्ययनका उदेश्य

**यस शोधकार्यका उदेश्यहरु निम्न छन् :**

क) समाहित शिक्षामा शैक्षिक सामग्री, भौतिक र मानविय पक्षको अवस्था पहिचान गर्ने,

ख)भौतिक,मानविय पक्ष र शैक्षिक सामग्रीका समस्याहरु समाधान गर्न विद्यालय प्रशासन र राज्यले गरेका प्रयासहरु पहिल्याउने,

ग)समाहित शिक्षाको व्यवस्थापनका समस्याहरुको विश्लेषण गर्ने,

### १.५ अनुसन्धानात्मक प्रश्न

शोधकार्य सम्पन्न गर्ने उदेश्य परिपूर्ति गर्ने कार्यका लागी समाहित शिक्षाको प्रभावकारीताका लागि यो शिक्षा सञ्चालित विद्यालयहरुको भौतिक पक्ष तथा मानविय पक्षको अवस्था पहिचान गरी आवश्यक सुझावहरु प्रस्तुत गर्नका लागी निम्नानुसारको प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएकोछ ।

क) समाहित शिक्षामा शैक्षिक सामग्री,भौतिक र मानविय पक्षको व्यवस्थापनमा देखिएका समस्याहरु के के छन् ?

ख)समाहित शिक्षा सुधारका लागी राज्य र विद्यालयले गरेका प्रयासहरु के कस्ता छन् ?

ग) समाहित शिक्षा सुधारका लागि राज्य र विद्यालय प्रशासनले के कति बजेट विनियोजन गरेका छन ?

घ) शिक्षकहरुलाई आवश्यक तालिमहरुको व्यवस्था गरीएको छ कि छैन् ?

ङ) समाहित शिक्षा सञ्चालन गर्दा देखिएका समस्याहरु के के हुन ?

च) विद्यालयले प्रदान गरेका भौतिक र शैक्षिक सामग्रीहरुको प्रभावकारीता कस्तो रहेको छ ?

६) विद्यालयमा समाहित शिक्षाका लागि गैरसरकारी संघसस्थाहरुले के कस्तो सहयोग गर्नु पर्ने देखिन्छ ?

### १.६ अध्ययनको परिसिमा

यस अध्ययनलाई सुनसरी जिल्ला भित्र समाहित शिक्षा सञ्चालित जम्मा ९ ओटा विद्यालयहरु मध्ये ५ ओटा विद्यालयमा सिमित रही अध्ययन कार्यलाई सिमित गरिएकोछ । वि.स.२०७० साललाई अध्ययनको वर्ष मानिनेछ । साधन, श्रोत, र समयको सिमितताले गर्दा यस अध्ययनमा समाहित शिक्षा भित्र रहने १३ प्रकारका वालवालिकाहरु मध्ये ४ प्रकारका बालबालिकाहरु अपाङ्ग, जनजाती, दलित र बालिकामा मात्र अध्ययन सिमित गरीएकोछ । साथै यस अध्ययनलाई सुनसरी जिल्लाका भा.सी.श्रोतकेन्द्र, चक्रघट्टी श्रोतकेन्द्र, पश्चिम कुसहा स्रोतकेन्द्रहरुका पकली उ.मा.वि.पकली, जनता उ.मा.वि.सिंगिया, जनता उ.मा.वि.मधेशा, जनक मा.वि.चक्रघट्टी,र जनता मा.वि.नरसिंहमा सिमित गरीएकोछ ।

# परिच्छेद- दुई

# साहित्यको पूनरावलोकन

कुनै पनि समस्याको विकल्पको खोजी गर्न गरिने अध्ययनको लागि त्यस विषय सँग सम्बन्धित पूर्व साहित्यकहरुको पुनः अध्ययन गर्नु पर्दछ । यसबाट समस्याको समाधानको लागि के के कस्ता विकल्पहरुको खोजी यस पूर्व भएका छन् भन्ने सम्बन्धमा यर्थाथ जानकारी प्रदान गर्दछ । एउटै विषय वा समस्यामा खोजी कार्य दोहोरिने अवस्था नहोस् भन्नका लागि शोध कर्ताले सम्बन्धित साहित्यको संक्षिप्त अध्ययन गर्न अत्यन्त आवश्यक छ । यस शोध अध्ययनको क्रममा साहित्य समिक्षालाई दूई भागमा विभाजन गरी पुनरावलोकन गरिएको छ

## २.१ सैदान्तिक ढाँचा र सम्बन्धित साहित्यको पूनरावलोकन

समाहित शिक्षाको व्यवस्थापन सम्बन्धि यस अध्ययनबाट उपलब्ध जानकारी एंव यस तथ्यांकलाई विश्लेषण गर्न मानव सम्बन्ध सिद्धान्तको वैचारिक खाकाको प्रयोग गरिएको छ । मानव सम्बन्ध सिद्धान्तका प्रतिपादक Elton Mayo हुन् ।

Mayo का अनुसार संगठनमा काम गर्नेहरुबीच राम्रो सम्बन्ध छ भने काम राम्रो, छिटो, चाँडो र स्तरीय हुन्छ , संगठनमा काम गर्नेहरुबीच सम्बन्ध राम्रो छैन भने काम स्तरीय हुदैन् । समाहित शिक्षाको व्यवस्थापन सम्बन्धि अध्ययन गर्दा विद्यालयका सम्पूर्ण शिक्षक , प्राध्यापक, अभिभावक, कर्मचारी, व्यवस्थापन समितिका पदाधिकारी र विद्यार्थीहरुविचको सम्बन्ध सुमधुर पाइयो । मानव सम्बन्धको सिद्धान्तले मानव सम्बन्ध भनेको व्यक्ति व्यक्ति विचको भावना, विचार र अन्तरक्रियामा निर्भर हुने कुरा उल्लेख गरेको छ । समुह सञ्चालन, नेतृत्व, उत्प्रेरणा, सहभागिता, सञ्चार र व्यक्तित्व जस्ता मानविय व्यवहारले सामाजिकीकरणलाई सही दिशाबोध गर्दछ । विद्यालयमा गरिने हरेक कार्यहरु सम्बन्धित सवै व्यक्तिहरु भेला भई एकआपसमा विचारविमर्श गरी सर्बसम्मतीबाट निर्णय भएपछि मात्र काम गर्छन् । यसरी एक आपसमा राम्रो मानविय सम्बन्ध राखेर काम गर्दा विभिन्न पृष्ठभूमिबाट आएका विद्यार्थीहरुलाई शिक्षकले समान व्यवहार गरी शिक्षण गर्ने कार्यले विद्यार्थीहरुको उपलब्धिस्तर राम्रो देखिन जान्छ । संस्थामा सवैको विचार, धारणा, भावनाको कदर समान रुपमा भए व्यक्ति र संस्थाको पनि वृद्धि र विकासमा टेवा पुग्दछ ।

शिक्षा विभागद्धारा प्रकाशित श्रोत पुस्तिका (२०६४) का अनुसार, समाहित शिक्षा भन्नाले सवै बालबालिकाहरुको लागि विभेदरहित बातावरणमा बहुसांस्कृतिक भिन्नतालाई

सम्मान गर्ने , आफनै समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकास प्रकृया हो । यसले विद्यालयमा समुदायको स्वामित्वलाई महत्व दिदैं बालबालिकाको आवश्कता अनुकुल उपयूक्त बातावरण र सहयोग पाएमा सवैले सिक्न सक्दछन् भन्ने मान्यतामा विश्वास गर्दछ । समाहित शिक्षा पद्धतिले राष्ट्रिय एंव स्थानिय तहमा कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट बञ्चित रहेका एंव स्थानिय तहमा कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट बञ्चित रहेका एंव विद्यालयमा रहेर पनि आवश्यकता अनुकुल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाडने खतरामा परेका बालबालिकाको पहिचान गर्नुका साथै सम्पूर्ण बालबालिकाको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकताकलाई पूरा गर्ने बालकेन्द्रित शिक्षण सिकाई प्रकृया अवलम्बन गर्न प्रोत्साहन गर्दछ ।

समाहित शिक्षा भन्नाले सवै बालबालिकाहरुको लागी विभेदरहित वातावरणमा बहुसाँस्कृतिक भिन्नतालाई सम्मान गर्ने, आफ्नै समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकास प्रक्रिया हो । यसले विद्यालयमा समुदायको स्वमित्वलाई महत्व दिदै वालवालिकाको आवश्यकता अनुकुल उपयुक्त वातावरण र सहयोग पाएमा सवैले सिक्न सक्छन् भन्ने मान्यतामा विश्वास गर्दछ । समाहित शिक्षा पद्धतिले राष्ट्रिय एंव स्थानिय तहमा कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट बञ्चित रहेका एंव विद्यालयमा रहेर पनि आवश्यकता अनुकुल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाडने खतरामा परेका वालवालिकाको पहिचान गर्नुका साथै सम्पूर्ण वालवालिकाको सामाजिक, साँस्कृतिक र शैक्षिक आवश्यकतालाई पूरा गर्ने वालकेन्द्रित र शिक्षण सिकाई प्रक्रिया अवलम्वन गर्न प्रोत्साहन गदर्छ ।

सामाजिक शिक्षाले अपाङ्ग मात्र नभएर शिक्षाको अवसरबाट बञ्चित रहेका तथा सिकाइमा मूलतः परिस्थितिजन्य वा अन्य कारणले कठिनाई भोगिरहेका सवै खालका वालवालिकाहरुलाई समेट्दछ । यो एउटा छुट्टै नयाँ कार्यक्रम नभएर भैरहेको प्रणालीमा सुधार गरी “सवैका लागि विद्यालय र सवैका लागि शिक्षा” अथवा सवै खालका केटाकेटीहरुलाई विद्यालयमा स्वागत गरी आवश्यकता तथा खाँचो बमोजिमको शिक्षा तथा तालिम प्रदान गर्नु हो । समाहित शिक्षालाई केही अगाडी अपाङ्गहरुका लागि मात्र भएको शिक्षाको रुपमा वर्णन गरीएको थियो । अहिले यसको अवधारणामा परिवर्तन भइसकेको छ । सिकाईको लागि कुनै पनि कारणले बहिस्कृत भएका वा असमाहित भएका वर्गका लागि

विद्यालयले विद्यालयमा स्वागत योग्य वातावरण तयार गरी सहभागी गराउनु पर्दछ । यसै मान्यतामा शिक्षा विभागले २०६४ सालमा समाहित शिक्षा कार्यक्रम २२ जिल्लाका २१० ओटा विद्यालयहरुमा लागु गरेको छ भने २०६५ मा पनि विद्यालयहरु थप गरी कार्यक्रम सञ्चालन गरीएको छ । (शिक्षा विभाग,२०६४)

परीक्षणको रुपमा समाहित शिक्षा लागु भएका विद्यालयमा महत्वपूर्ण परिवर्तनहरु भएका छन् । विद्यार्थी भर्नादरमा वृद्धि भएको छ जसमा दलित, जनजाती समुदाय र गरीव परिवारबाट वालवालिकाहरु विद्यालयमा भर्ना हुन आएका छन् । शारीरिक रुपमा असक्षम , आँखा नदेख्ने, बहिरा र मानसिक रुपमा सुस्त विद्यार्थीहरु पनि दैनिक शिक्षण सिकाई क्रियाकलापमा नियमित आउछन् । शिक्षकले समाहित शिक्षामा आधारित नयाँ शिक्षण विधि र शैक्षिक सामग्री उच्च अभिप्रेरणाका साथ प्रयोग गरेका छन् । विद्यालय र समुदाय विचको सम्बन्ध, गरिवी, सामाजिक साँस्कृतिक आदत, अपर्याप्त भौतिक सुविधा र शिक्षकको कमीको कारणले समाहित शिक्षाको पूर्ण लक्ष्य प्राप्त हुन कठिनाई देखिएको छ ।

नेपालको शैक्षिक स्थिति हेर्दा वि.स.२०६८ को जनगणना अनुसार देशमा ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल २३९२६५४१ जनसंख्यामा ६५.९ प्रतिशत व्यक्तिहरु साक्षर रहेको देखिएको छ । पुरुषको साक्षरता दर ७५.१ प्रतिशत छ भने महिलाको साक्षता दर ५७.४ प्रतिशत रहेको छ । २०५८ सालको जनगणनामा ६ वर्ष वा सो भन्दा माथिल्लो उमेरको व्यक्तिहरुको कुल साक्षरता दर ५४.१, पुरुष साक्षरता दर ६५.५ र महिला साक्षरता दर ४२.८ प्रतिशत रहेको राष्ट्रिय जनगणना आयोग केन्द्रिय तथ्याङ्क विभागको प्रतिवेदनमा उल्लेख गरेको छ । श्रोत : राष्ट्रिय जनगणना,२०६८

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

समाहित शिक्षा सम्बन्धि सन्दर्भ सामग्रीहरुको समिक्षा गर्ने क्रममा सम्बन्धित पत्रपत्रिका, लेख , रचनाहरु, शोधग्रन्ध तथा अनुसन्धानात्मक लेखहरु र नेपाल अधिराज्यको संविधान २०४७ तथा नेपालको अन्तरिम संविधान २०६३ को अध्ययन गरिएको छ । समाहित शिक्षाको वारेमा बुझ्न सम्बन्धित क्षेत्रले गरेको समाहित शिक्षाको प्रभावकारीता र यसको अभ्याससँग सम्बन्धित अभिलेखहरुको वारेमा जानकारी लने प्रयास गरिएको छ । हाम्रो देशको सन्दर्भमा समाहित शिक्षा एक नयाँ अवधारणाको रुपमा सवैका लागि शिक्षा कार्यक्रम सञ्चालन गर्ने रणनीतिको रुपमा लिईएको छ । समाहित शिक्षा कार्यक्रमलाई

कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने लगायतका विषयहरुलाई नेपाल सरकारले विशेष जोड दिएको छन ।

समाजमा विभिन्न पक्षका बालबालिकाहरु रहने हुँदा सवैलाई अनुकुल हुने गरी समाज र विद्यालय बीच सुमधुर र गहिरो समन्वय कायम गर्न सवै पक्षले जिम्मेवारी वहन गर्ने । समाजमा रहेका विभिन्न किसिमका बालवालिकाहरको शैक्षिक एंव सामाजिक हित हुने क्रियाकलाप सोही समाजबाटै महसुश गरी शुरु गर्ने । पिछडिएको वर्गका वालवालिकाहरुलाई शिक्षाको समान अवसर उपलब्ध गराउन सवै पक्षले जिम्मेवारी बहन गर्ने । विद्यालयको वातावरण समाजमा भएका विभिन्न किसिमका वालवालिकाहरु अनुकुल बनाउने । स्थानिय स्तरबाट आधारभुत तर आवश्यक श्रोत साधनहरु उपलब्ध गराउने गुणात्मक शिक्षाको विकास गराउने । नेपालका विद्यालयहरुमा यहाँकै हावा पानी माटो अनुकुल समाहित समाहित शिक्षा कार्यक्रमको विकास र कार्यान्वयन गरी कसरी गुणात्मक शिक्षाको विकास गर्न सकिन्छ भन्ने सम्बन्धमा परीक्षण कार्यक्रम सञ्चालन गर्ने । कक्षाकोठाको व्यवस्थापन बालबालिका अनुकुल गर्ने । शिक्षणसिकाई क्रियाकलापमा ब्यापकरुपमा शैक्षिक सामग्रीहरुको प्रयोग गर्ने । विद्यालय विकासका लगि समुदायका ब्यक्तिहरुको सक्रिय संलग्नता गराउने । बालबालिकाहरुको रुची र चाहना अनुकुल पाठ्यक्रमको विकास र कार्यान्वयन गर्ने ।

समाहित शिक्षाले अर्थपूर्ण र उपयोगी सिकाईका लागि जोडिएका कुराहरुमा विद्यार्थी केन्द्रित क्रियाकलाप हुनुपर्दछ , शिक्षकको काम सिकाई वातावरण मिलाउने हुनुपर्छ , बालबालिकाहरुलाइ स्वयं सिकार्य गर्ने अनुकुल वातावरण हुनुपर्छ , अवलोकन गरेर , छोएर , प्रयोग गरेर र विचार गरेर सिक्ने अवसर मिलाउनु पर्दछ भन्ने रहेको छ । (कार्यशाला गोष्ठिको प्रतिवेदन, २०५९)

अधिकारी (२०६१) का अनुसार सन् १९६४ मा दृष्टिविहिनहरुलाई लेवोरेटोरी विद्यलायमा एकिकृत शिक्षा दिने कार्यक्रम प्रारम्भ भयो । सन् १९६७ मा बालमन्दिर नक्सालमा सुस्त श्रवण बालबालिकाहरुका लागि एउटा विद्यालय स्थापना भयो । वि.स.२०२६ सालमा स्वयं शारिरिक अपाङ्ग हुनुभएका खगेन्द्रबहादुर बस्नेतद्धारा नेपाल अन्धाअपाङ्ग संघको स्थापना गरी शारीरिक र दृटिविहिन लगायतका अपाङ्गहरुलाई व्यवसायिक तालिम दिने विद्यालयको सञ्चालन भएको पाइन्छ । वि.स.२०३६ सालमा सुस्तमनस्थितिका बालबालिकालाई शिक्षा दिने उदेश्यले निर्मल बालविकास केन्द्रको स्थापना

भएको देखिन्छ तर एक भन्दा बढी अपाङ्गता भएका बहुअपाङ्गता भएका ब्यक्तिहरुको सम्बोधन गर्ने अवस्था पर्याप्त रुपमा अझै नसकेको देखिन्छ

हाल नेपालमा दृष्टिविहिन र शारीरिक अपाङ्ग भएका बालबालिकाहर विभिन्न शिक्षालयमा नगन्य रुपमा भए पनि प्राथमिक देखि उच्चतहसम्म अध्ययनरत देखिन्छन् । बहिरा सुस्त श्रवण तर्फका विद्यार्थीका लागि मात्र ८ कक्षासम्म अध्ययन गर्ने अवसर पाएका छन् । सुस्तमनस्थितिका बालबालिकाहरुको अवस्था त दयनिय मात्र नभई भयावह नै छ । उनीहरुको अवसर भनेको साधारण लेखपढका अतिरिक्त ब्यवसायिक तालिमको ज्ञानसम्ममा सीमित रहेको पाइन्छ। उक्त कुरासमेत प्रभावकारी नभएको देखिन्छ।

अपाङ्गताको किसिम अनुसार ब्यवसायिक शिक्षा दिनुपर्छ जस्तै बहिराका लागि प्राविधिक शिक्षा ( साइकल बनाउने, अचार बनाउने, इलेकट्रीकल) अन्धाका लागि संगित र सुस्तमनस्थितिका लागि सिलाई बुनाई सम्बन्धि शिक्षा दिनुपर्छ।

काफ्ले (२०६१) का अनुसार समाहित शिक्षाको विकासक्रम सन् १९९० को दशकबाट प्रारम्भ भएको हो । सन् १९६० को दशकदेखि विशेष शिक्षालाई अपाङ्गको विशेष आवश्कता पुरा गर्न दिइने विषेश विधियुक्त साधनको रुपमामात्र नलिई प्रतिभाशाली बालबालिकाका विशेष आवश्कता पूरा गर्नका लागि पनि यो शिक्षा हुनुपर्छ भन्ने धारणाका साथ यसलाई व्यापक रुपमा लिन थालियो । सन् १९७० को दशकमा वेलायतले पहिलो पटक बालबालिकाको आवश्यकतालाई विशेष शैक्षिक आवश्यकताका रुपमा लिइनुपर्ने कुरा उठायो । सन् १९८० को दशकपछि विभिन्न सामाजिक आर्थिक पृष्ठभुमिबाट आएका बालबालिकालाई सिकाइमा विभिन्न बाधाअड्चन र अवरोध आउन सक्ने हुनाले यस्ता कठिनाईलाई ध्यानमा राखी त्यस्ता सवै बालबालिकाहरुका लागि विशेष आवश्यकता शिक्षाको प्रावधान गरिनु पर्ने माग बढ्दै गयो।

सवै वालवालिकाहरुलाई शिक्षा दिन जिम्मेवार पक्षहरु सजग रहनुपर्छ । शिक्षा प्रणालीमा रहेका पुरानो प्रचलनका राम्रो कुरालाई लिदै नराम्रो कुरालाई हटाउदै जानुपर्छ । वैयक्तिक भिन्नतालाई पहिचान गरी वालवालिकाको ईच्छा , रुचि र आवश्यकता अनुसार शिक्षण सिकाई क्रियाकलाप गर्नुपर्छ । समाहीत शिक्षामा देखिएका आधुनिक प्रचलनलाई शिक्षकले अवलम्वन गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नुपर्छ।

सामान्य वालवालिका र विशेष आवश्यकता भएका वालवालिकाहरुको बारेमा एम.सिंह भन्छन् “शिक्षकले सामान्य वालवालिकाहरुलाई मात्र नपढाई त्यस कक्षामा भएका

विशेष आवश्कताका वालवालिकाहरुलाई पनि उनीहरुको ब्यक्तिगत आवश्यकताको ख्याल पढाउनु पर्दछ । शिक्षक वालवालिकाहरुभित्र रहेका अन्तरनिहित प्रतिभा प्रष्फुटन गराउने ब्यक्ति भएकाले कक्षाको प्रभावकारी व्यवस्थापक बनेर वालवालिकामा ब्यवहारिक परिवर्तन गराउने शक्तिका रुपमा र समुदाय विद्यालयलाई जोड्ने पुल मात्र नभएर समुदायलाई सचेत गराउने शक्तिका रुपमा र समुदाय र विद्यालयलाई जोड्ने पुल मात्र नभएर समुदायलाई सचेत गराउने माध्यम पनि भएकाले वालवालिकाको मूल्याङ्कन  कर्ताको साथै उनीहरुको अभिभावकहरुका लागी परामर्शदाता समेत भएर काम गर्ने ब्यक्तित्व हो । समाहित शिक्षामा शिक्षकको भूमिका बालकेन्द्रित सिकाईको सहत कर्ताका रुपमा, व्यवहारीक परिवर्तनका आरम्भकर्ताका रुपमा, चेतनावाहकका रुपमा, विद्यालय र समुदाय बीच सम्बन्ध व्यवस्थापकको रुपमा , वालावालिकाको कार्य मूल्याङ्कन कर्ताको रुपमा र वालवालिका र अभिभावकको परामर्शदाताका रुपमा शिक्षक रहनु पर्दछ । पाठ्यक्रममा राखेका उदेश्य पूरा गर्न, विद्यार्थीहरुमा ब्यवहारीक परिवर्तन गराउन र असल चरित्र निर्माण गर्न शिक्षकले आफ्नो दायित्व र कर्तव्य बुझि शिक्षण कार्यमा संलग्न हुनुपर्दछ ।

नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लेख गरीएको छ : “प्रत्येक  समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारीत शिक्षा पाउने हक हुनेछ भनिएको छ ।” नेपालको अन्तरिम संविधान २०६३ को भाग ३, धारा १७ मा प्रत्येक नागरीकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोविम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुन्छ”।

(नेपालको अन्तरिम संविधान, २०६३) कक्षा-८ सम्म मात्र निःशुल्कको व्यवस्था लागु भएको छ । कक्षा-९ मा क्रमशः लागु हुने घोषणा आ.व.२०६६/६७ को बजेट बक्तव्यमा उल्लेख गरीएको छ  ।

विशेष आवश्कता शिक्षा सम्बन्धमा एम.के.सिंह भन्छन् “विशेष आवश्कता शिक्षा एउटा त्यस्तो शैक्षिक अभ्यास हो, जसले कठिनाई , विभेद र समस्यामा परेका भिन्न खालका वैयक्तिक शैक्षिक आवश्यकतामा ध्यानकेन्द्रित गर्दछ” । शैक्षिक प्रणालीले सम्वोधन गर्नुपर्ने विभिन्न चुनौतिहरुको कारण शिक्षण कठिनाइहरु बढाउने विभिन्न शारीरिक , वौद्धिक, सामाजिक, भावनात्मक, भाषिक वा अन्य विभेदहरुलाई विशेष आवश्यकता शिक्षाले अङ्गिकार गरेको हुन्छ । कतिपय वालवालिकालाई सिकाई सम्बन्धि कठिनाई आईपर्ने हुँदा ती कठिनाईको सम्बोधन गर्न उनिहरुका लागी विशेष आवश्यकता शिक्षाको सृजना हुन्छ ।

तसर्थ कठिन असुविधा र अपाङ्गता साथ बाँच्नु पर्ने वालवालिकाहरु तथा सुविद्यायुक्त वातावरणमा रहेका अपाङ्ग वालावालिकाका लागि समान शैक्षिक व्यवस्थाको प्रावधान हुनुपर्दछ । जुन परम्परागत रुपमा सामान्य नियमित वा बहुसंख्यक वालवालिकाहरको विशेष अधिकारको रुपमा प्रयोग हुँदै आएको छ । विशेष आवश्यकता शिक्षाले प्रभावकारी शैक्षिक पद्धतिलाई जोड दिन्छ । जसबाट सवै वालवालिकाहरु आफ्ना आवश्यकता अनुकुल लाभान्वित हुन सक्छन् । मानविय भिन्नता स्वभाविक हो भन्ने कुरालाई विशेष आवश्कता शिक्षाले सहज रुपमा स्वीकार गरेको पाईन्छ । साधारण र विशेष शिक्षाको रुपमा विभाजन नगरी हरेक विद्यार्थीका व्यक्तिगत भाषिक, साँस्कृतिक , सामाजिक, आर्थिक, शैक्षिक पृष्ठभूमि अनुकुल उनीहरुका अन्तरनिहित क्षमताको विकास गर्ने प्रभावकारी साधनको रुपमा ग्रहण गर्नु पर्दछ । विशेष आवश्यकता शिक्षा भनेको मानविय भिन्नता र गरीमाको पहिचान तथा कदर गर्ने यिनै भिन्नताबाट सिर्जित आवश्यकतामुखि तथा विशिष्ट सिकाई अनुभवहरु प्रदान गर्ने सिद्धान्त हो ।

शिक्षा प्राप्त गर्नु सवै मानवको नैसर्गिक अधिकार हो । शिक्षा प्राप्त गर्ने अवसरबाट कसैलाई पनि बञ्चित गरीनु हुन्न् । सवै नागरिकहरुलाई शिक्षा दिनु राज्यको दायित्व भित्र पर्दछ । मानवमा वैयक्तिक भिन्नता हुन्छ । मानविय वैयक्तिक भिन्नतालाई विशेष आवश्यकता शिक्षाले स्वीकार गर्दछ । विशेष आवश्यकता भएका वालवालिकाहरुलाई उनीहरुको आवश्यकता अनुकुल शिक्षा दिनु पर्दछ । विशेष आवश्यकता भएका वालवालिकाहरुलाई शिक्षा दिन छुट्टै शिक्षालयको स्थापना नगरी साधारण वालवालिकासँग राखेर शिक्षा दिन समाहित शिक्षाले सहयोग गर्दछ ।

पाँच वर्ष वा सो भन्दा माथिल्लो उमेरका साक्षर जनसंख्याको सवै भन्दा ठूलो हिस्सा अर्थात ३९ प्रतिशत ब्यक्तिहरुले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म)उतिर्ण गरेको पाइएको छ । निम्न माध्यमिक तह (६ देखि ८) उतिर्ण गरेका ब्यक्तिहरु २०.३ प्रतिशत अंश सहित दोस्रो बहसंख्यमा रहेको देखिन्छ । एस.एल.सी. वा सो सरह उतिर्ण गर्ने ब्यक्तिहरु कुल जनसंख्याको १०.२ प्रतिशत देखिन्छन् भने एस.एल.सी.भन्दा माथिल्लो तह उतिर्ण गर्नेहरु १०.२ नै देखिएका छन् । जम्मा जम्मी ४.२ प्रतिशत ब्यक्तिहरुले अनौपचारिक शिक्षा हासिल गरेको देखिएको छ । श्रोत: केन्द्रिय तथ्याङ्क विभाग, २०६८

**अपाङ्गता**

देशका कुल जनसंख्याको १.९४ प्रतिशत हिस्सामा कुनै एक वा बढी प्रकारको अपाङ्गता रहेको देखिएको छ । विगत २०५८ सालको जनगणनामा अपाङ्गता रहेको ब्यक्तिहरु ०.४६ प्रतिशत थिए । शारीरिक तथा मानसिक अपाङ्गता भएका कुल ब्यक्तिहरु मध्ये ५४.५६ प्रतिशत पुरुष र बाँकी ४५.४४ प्रतिशत महिला रहेको देखिन्छ । अपाङ्गता भएका ब्यक्तिहरु मध्य ३६.३२ प्रतिशतमा शारीरिक  अपाङ्गता १८.४६ प्रतिशतमा दृष्टि सम्बन्धि अपाङ्गता १५.४५ प्रतिशतमा सनाई सम्बन्धि अपाङ्गता , १.४८ प्रतिशतमा श्रवण दृष्टिविहिनत , ११.४७ प्रतिशतमा स्वर बोलाई सम्बन्धि अपाङ्गता, ६.०४ प्रतिशतमा मानसिक अपाङ्गता र २.९० प्रतिशतमा वौद्धिक अपाङ्गता र ७.५२ प्रतिशतमा वहुअपाङ्गता भएको पाईएको छ । स्रोतः सोपान विशेषाङ्क २०६९/०७०

नेपाल चेलिवेटी अपाङ्ग महिला समाज २०६९ को प्रतिवेदनमा उल्लेख भए अनुसार अपाङ्गलाई यसरी वर्गिकरण गरीएको छ ।

**१.अपाङ्गता भएका वालवालिकाहरु**

**क) दृष्टि अपाङ्गता**

**अन्धाः** कुनै पनि ब्यक्ति दुवै आँखा खोलेर १ मिटरको दुरीमा रहेका औलाहरु गन्न सक्दैन भने त्यस्ता वालवालिकाहरुलाई अन्धा भनिन्छ  ।

**दृष्टि क्षमता कमीः** कुनै ब्यक्ति दुवै आँखा खोलेर ३ मिटर सम्मको दुरीमा रहेका औंला गन्न सक्दैन र चश्माको प्रयोगबाट हेर्न सक्ने क्षमतालाई दृष्टिक्षमताको कमी भनिन्छ ।

**ख) सुस्त श्रवण**

वहिरा :कुनै ब्यक्तिले दुवै कानबाट १ मिटरको दुरीको ठूलो आवाजलाई सुन्न सक्दैनन् भने त्यसलाई बहिरो भनिन्छ । बहिरो जन्मजात र जन्म पछि विभिन्न कारणबाट हुन सक्छ । यसको कारणबाट नै ब्यक्तिमा भाषिक विकाश नहुन र वोल्न नसक्ने हुन्छ जसलाई लाटालाटी रुपमा लिने गरीन्छ ।

**ग) सुस्त मनस्थिति**

सामान्य : हल्का पढाई, लेखाईका कारण आधारभुत सीपहरु सिक्न शिक्षकको सहयोग र उपयुक्त वातावरण दिनसके मात्र सिक्ने वालवालिका यसमा पर्दछन् । यसलाई सिकाइ कमजोर पनि भनिन्छ ।

मध्यमः आफ्नो शरीरको हेरचाह गर्न सक्ने , घरपरिवारको साधारण कामहरु गर्न सक्ने र विशेष किसिमको तालिम दिएमा सामान् कुराहरु पढ्न र लेख्न सक्ने ब्यक्तिहरुलाई मध्यम खालको सुस्तमनस्थिति भनिन्छ ।

तीव्रः शरीरको हेरचाह र दैनिक कृयाकलापका लागि अरुको सहयोग चाहिने थोरै शब्दहरु भन्न र वुझ्न सक्ने एंव वहुअपाङ्गताका लक्षण पनि देख्न सकिने व्यक्तिलाई तीव्र सुस्तमनस्थिति भएको भन्न सकिन्छ ।

**घ) शारीरिक अपाङ्गता**

कुनै वालवालिका दुर्घटना वा रोगका कारण शारीरिक अपाङ्ग भई शरीरको गतिमा कठिनाई उत्पन्न भएको हुन्छ । यस्ता वच्चाहरुलाई विद्यालयमा सिक्न कठिन पर्दैन । विद्यालय जान र हातको प्रयोग गर्न कठिनाई हुन्छ ।

**ङ) सिकाई असक्षमता**

शारीरिक रुपले तन्दुरुस्त औषत वा त्यो भन्दा बढी वौद्धिक क्षमता हुँदा हुदै कुनै खास विषय वा सीप सिक्न कठिनाई भएको ब्यक्तिलाई सिकाई असक्षता भनिन्छ ।

**२.प्रतिभाशाली विद्यार्थी**

यी वालवालिकाहरु आफ्ना  अरु सहपाठीहरुको दाँजोमा छिटो सिक्ने र दिएका कार्यलाई सफलता पूर्वक सम्पन्न गर्दैछन् । यस्ता वालवालिकाहरुका लागि पनि उपयुक्त वातावरण निर्माण गरी यिनीहरुमा निहित प्रतिभालाई सही रुपमा प्रयोग गर्न नसकेको खण्डमा कक्षा कोठाको वातावरण सिकाईप्रद नहुन सक्छ ।

**३.पिछडिएका समुदायका वालवालिकाहरु**

हाम्रो कक्षा कोठामा नेपाली भाषाका पाठ्यपुस्तकहरुको व्यवस्था भए पनि सवै समुदायलाई समेट्न समिएको छैन् । पिछडिएका समुदायका वालवालिकाको घरमा प्रयोग गरीने भाषा र विकसित हुने सीपहरु अरुको तुलनामा कम र फरक हुन्छ । यसको प्रभाव कक्षा कोठा भित्रको सिकाइमा पर्न जान्छ । यस्ता वालवालिकामा पर्न जाने शारीरिक र मनोवैज्ञानिक प्रभावलाई न्यून गर्न उपयुक्त वातावरण चाहिन्छ  नत्र यिनीहरु अनुकुल वातावरण भएन भने अपाङ्ग सरह नै कक्षामा उपस्थित हुन्छन् र सिकाई असक्षमता देखिन्छ ।

# परिच्छेद-तीन
# अध्ययन विधि

जुनसुकै क्षेत्रको अध्ययन तथा अनुसन्धानलाई एउटा जटिल र महत्वपूर्ण कार्यको रुपमा लिन सकिन्छ । अध्ययन तथा अनुसन्धानबाट विषयवस्तुहरुको प्रभावकारीता तथा अनुसन्धानबाट विषयवस्तुहरुको प्रभावकारीता र समस्याका विषयमा विस्तृत रुपमा जानकारी लिई निष्कर्षमा पुग्न सहयोग पुग्दछ । वर्तमान मानव संसाधन , भौतिक र आर्थिक श्रोतको व्यवस्थापन समाहित शिक्षाको उचित व्यवस्थापनमा देखिएका समस्याहरु ती समस्याहरु समाधान गर्न विद्यालय व्यवस्थापनमा सुधार ल्याउने रणनीतिक उपायहरुको खोजीको सम्वन्धमा शोधकार्य गरिएकोछ । सुनसरी जिल्लामा समाहित शिक्षा लागु भएका ९ ओटा विद्यालयहरुमध्ये ५वटा विद्यालयहरुको शैक्षिक , भौतिक तथा मानविय पक्षको अध्ययन गरीएकोछ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसंधान ढाँचाले अनुसन्धानको लागि उपयुक्त ढाँचा प्रदान गर्दछ  अर्थात अनुसन्धान ढाँचाले अध्ययनको क्रममा सूचनाहरु/ तथ्याङ्क/ जानकारीहरुलाई व्यवस्थित ढंगले प्रस्तुत गर्न मद्दत गरिएकोछ । यस अनुसन्धानको उद्देश्य प्राप्त गर्नका लागि छनोटमा परेका प्रतिक्रियादाताहरुसँग प्रश्नावली फारम, रुजु सूची, अवस्था अवलोकन फारम र अन्तरवार्ता प्रश्नावली जस्ता साधनहरुको प्रयोगबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई प्रयोग गरी निष्कर्षमा पुग्नलाई गुणात्मक एवं परिमाणात्मक दुवै ढाँचामा आधारित रहेर अनुसन्धान संचालन गरीएकोछ ।

**यस अध्ययनको अनुसन्धान ढाँचा निम्नानुसार रहको छ ।**

| क्र. स. | उदेश्य | साधनहरु | प्रतिक्रियादाता | | | |
|---|---|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक | लक्षित विद्यार्थी | वि.व्य.स |
| १ | शैक्षिक सामग्री, भौतिक पक्षको अवस्था पहिचान गन | अवलोकन | √ | | | |
| | | अन्तरवार्ता | | √ | | |
| | | लक्षित समुह छलफल | | | √ | |
| २ | मानविय पक्षको अवस्था पहिचान गन | अवलोकन | | | | √ |
| | | अन्तरवार्ता | √ | | | |
| | | लक्षित समुह छलफल | | | | |
| ३ | शैक्षिक सामग्री, भौतिकपक्ष,मानविय समस्याको समाधान गर्न | अवलोकन | | | | |
| | | अन्तरवार्ता | | √ | | √ |
| | | लक्षित समुह छलफल | | | | |
| ४ | विद्यालयको विभिन्न पक्षको अध्ययन | अवलोकन | | | | |
| | | अन्तरवार्ता | √ | | | √ |
| | | लक्षित समुह छलफल | | | √ | |

## ३.२ जनसंख्या

यस अध्ययनका लागि सुनसरी जिल्लाको भा.सी. स्रोत केन्द्र,महेन्द्रनगर श्रोतकेन्द्र, पश्चिमकुसशा श्रोतकेन्द्र अन्तर्गत पर्ने सामुदायिक विद्यालयहरु, उक्त विद्यालयका प्र.अ, उक्त विद्यालयमा अध्यापनरत शिक्षकहरु एवं सोही विद्यालयको वि. व्य. स.को विभिन्न पदमा कार्यरत वि.व्य.स. पदाधिकारीहरु, उक्त विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई अध्ययनको जनसंख्याका रुपमा लिइएकोछ।

## ३.३ नमुना छनोट विधि र नमुनाको आकार

यस अध्ययनलाई सार्थक र निष्र्कष मुखी बनाउन सम्पूर्ण जनसंख्यालाई समावेश गर्न सम्भव नभएकोले निम्नानुसार जनसंख्याको नमुना छनोट गरीएकोछ।

### ३.३.१ जिल्ला छनोट

अध्ययनकर्तालाई तथ्याङ्क संकलन कार्य गर्न सुविधा पुग्ने गरी सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरी सुनसरी जिल्लालाई नमुनाको रुपमा जिल्ला छनोट गरीएकोछ।

### ३.३.२ स्रोत केन्द्र छनोट

अध्ययन कर्ताको भौगोलिक सुविधालाई मध्यनजर गर्दै सुनसरी जिल्लाका १२ वटा स्रोतकेन्द्र मध्ये सुविधाजनक नमुना छनोट विधिको प्रयोग द्धारा भा.सी. स्रोतकेन्द्र, महेन्द्रनगर श्रोत केन्द्र,पश्मिकुसाहा श्रोत केन्द्रलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएकोछ।

### ३.३.३ विद्यालय छनोट

अध्ययनकर्ताका अध्ययनका उद्देश्यहरु सहजरुपमा पूरागर्ने उद्देश्य अनुरुप जनक मा.वि.सालबनी, जनता उ.मा.वि.सिंगिया,जनता उ.मा.वि.मधेशा,जनक मा.वि. सालवनी, पकली उ.मा.वि.पकली र जनता उ.मा.वि.नरसिंह गरी ५ ओटा विद्यालयलाई उद्देश्यात्मक नमुना छनोट विधिको प्रयोग गरी नमुनाका रुपमा छनोट गरीएकोछ।

### ३.३.४ शिक्षक छनोट

यस अध्ययनलाई सार्थकता प्रदानगर्न नमुनामा परेका विद्यालयमा शिक्षण गर्ने एक एक जना शिक्षकहरुलाई नमुनाको रुपमा छनोट गरीएकोछ।

### ३.३.५ प्र.अ. छनोट

यस अध्ययनलाई सार्थकता प्रदानगर्न नमुनामा परेका विद्यालयका प्र.अ.हरुलाई नमुनाको रुपमा छनोट गरीएकोछ।

### ३.३.६ विद्यार्थी छनोट

यस अध्यययनलाई पुरा गर्न लक्षित विद्यार्थीहरुलाई लिइएकोछ ।

### ३.४ तथ्याङ्कका श्रोतहरु

यस अनुसन्धानमा तथ्याङ्क संकलनको द्धितिय श्रोतको रुपमा विद्यालयमा रहेका अभिलेखहरु, प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स.अध्यक्षहरु रहेकोछ । उल्लेखित पक्षहरुबाट प्राप्त जानकारी र सुचनाहरुका साथै विद्यालय तथ्याङ्क फारम तथा अभिलेख, अवलोकन , अन्तरवार्ता, छलफल नै तथ्याङ्क संकलनका द्धितिय श्रोतहरु रहेकाछन् ।

### ३.४.१ प्राथमिक तथ्याङ्क

अध्ययनका क्रममा नमूना छनोट भएका विद्यालयहरुमा गई अन्तरवार्ता, प्रश्नावली, अवलोकन र छलफलका माध्यमबाट प्राथमिक तथ्याङ्क संकलन गरी आवश्यक जानकारी प्राप्त गरीएकोछ ।

### ३.४.२ द्धितिय तथ्याङ्क

यस शोधकार्यलाई निष्कर्ष मूलक बनाउन प्राथमिक श्रोतबाट प्राप्त सूचना तथा जानकारीहरुको साथै द्धितिय श्रोतका रुपमा वि.व्य.स.वैठक निर्णय पुस्तिका, विद्यालयको वार्षिक कार्ययोजना वार्षिक कार्यक्रम जस्ता दस्तावेजहरुको अध्ययन र अवलोकन द्धारा सुचनाहरु संकलन गरी अध्ययन गरीएकोछ ।

### ३.५ अनुसन्धानका साधनहरुको निर्माण

यस अनुसन्धानका उद्देश्यहरु प्राप्तगर्न आवश्यक पर्ने सूचनाहरु एवं तथ्याङ्ककहरुको संकलनका लागि निम्न अनुसारका साधनहरुको प्रयोग गरिएकोछ ।

### ३.५.१ प्रश्नावली

यस अध्ययनको जनसंख्याका रुपमा छनोटमा परेका शिक्षकहरुबाट समाहित शिक्षाको प्रभाकारीता, कार्यान्वयन, समस्या र समाधानसंग सम्बन्धि सूचना एवं तथ्याङ्ककहरु संकलन गर्न अनुसूची १ बमोजीमको प्रश्नावलीको प्रयोग गरीएकोछ ।

### ३.५.२ परीक्षाफल फारम

यस अध्ययनको छनोटमा परेका विद्यालयहरुमा समाहित शिक्षामा लगानी र प्रतिफलको स्थिति सम्बन्धमा तथ्याङ्क एवं सूचनाहरु संकलनगर्न परीक्षाफल नतिजा फारमको अध्ययन गरीएकोछ ।

### ३.५.३ अन्तर्वार्ता अनुसूची

यस अध्ययनका लागि आवश्यकपर्ने तथ्याङ्क संकलनगर्न छनोटमा परेका विद्यालयका प्र.अ. एवं वि.व्य.स.का पदाधिकारीहरुको लागि समाहित शिक्षाको वर्तमान स्थिति, समस्या र समाधानका उपायहरु खोज्न अनुसूची ४ र ५ बमोजिमको अन्तरवार्ता प्रश्नावली निर्माणगरी प्रयोग गरीएकोछ ।

## ३.६ साधनहरुको बैधता निर्धारण

यस अध्ययनको उद्देश्यमा पुग्न आवश्यक पर्ने तथ्याङ्क एवं सूचनाहरुको संकलनका लागि निर्माण गरीएका साधनहरु प्रश्नावली, कक्षा/अवस्था अवलोकन फारम, रुजु सूची, अन्तवारर्ताको बैधता कायम गर्न शिक्षकहरु एवं शोध निर्देशक सँगको निर्देशन सरसल्लाह, छलफल एवं विश्लेषणबाट साधनको बैधता कायम गरीएकोछ ।

### ३.६.१ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनलाई निष्कर्षमुखी र सार्थक बनाउन यसको नमुना छनोटमा परेका जनसंख्यमा निम्न साधनको प्रयोग गरी तथ्याङ्क संकलन गरीएकोछ ।

### ३.६.२ प्रश्नावली

यस अध्ययनको नमुना छनोटमा परेका शिक्षकहरुबाट समाहित शिक्षाको औचित्य र प्रभावकारी सम्बन्धी आवश्यक तथ्याङ्क संकलन गर्न अनुसूची १ बमोजिमको प्रश्नावलीको प्रयोग गरी सूचाना/तथ्याङ्क संकलन गरीएकोछ ।

### ३.६.३ रुजु सूची

समाहित शिक्षाको प्रभावकारीता र व्यवस्थापन सम्बन्धी अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलनगर्न अनुसूची ३ बमोजिमको रुजु सूचीको प्रयोग गरी सूचना/तथ्याङ्क संकलन गरीएकोछ ।

### ३.६.४ अन्तरवार्ता प्रश्नावली

यस अध्ययनको लागि आवश्यकपर्ने तथ्याङ्क संकलनगर्न छनोटमा परेका विद्यालयमा प्र.अ.हरुसँग समाहित शिक्षाको प्रभावकारीता र व्यवस्थापन सम्बन्धि अनुसूची ४ मा उल्लेखित प्रश्नावलीको प्रयोग गरीएकोछ । साथै छनोटमा परेका वि. व्य. स.का पदाधिकारीलाई अनुसूची ५ अनुसारका प्रश्नावलीको प्रयोग गरी सूचना/तथ्याङ्क संकलन गरीएकोछ ।

### ३.६.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययनलाइ व्याख्यात्मक विधिबाट विश्लेषण गरीएकोछ । अनुसन्धान विभिन्न पत्रपत्रिका, लेखरचना साथै प्राथमिक द्धितिय र अन्य श्रोतबाट प्राप्त हुन आएका तथ्याङ्कलाई क्रमबद्ध रुपमा राखी विश्लेषण गर्ने कार्यलाई अध्ययन अनुसन्धानको मुटुको रुपमा लिइएकोछ । प्राप्त तथ्याङ्कको विश्लेषण विना अध्ययन अनुसन्धानको कुनै अर्थ रहदैन् । शोधकार्यमा तथ्याङ्क संकलन गर्दा संकलित तथ्याङ्कहरुलाई तालिका , चार्ट, प्रतिशत तथा अनुपातका आधारमा विश्लेषण गरीएकोछ । साथै द्धितिय श्रोतको समेत अध्ययन गरी विद्यालयमा समाहित शिक्षाको व्यवस्थापनमा विद्यालयको प्रयत्नलाई नियाल्ने प्रयास गरीएकोछ ।

# परिच्छेद-चार
# तथ्याङ्कको विश्लेषण र व्याख्या

प्रस्तुत परिच्छेदमा सुनसरी जिल्लाको भा.सी.श्रोतकेन्द्र, पश्चिम कुशहा श्रोतकेन्द्र, महेन्द्रनगर श्रोतकेन्द्रका जनता उ.मा.वि.सिंगिया, जनता उ.मा.वि.मधेशा, पकली उ.मा.वि.पकली, जनता मा.वि.नरसिंह र जनक मा.वि.सालवनीका समाहित शिक्षा लागि भएका विद्यालयको स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ। व्याख्या विश्लेषण गर्दा प्रकाशित तथ्याङ्कको पनि सहयोग लिइएको छ। स्थलगत सर्वेक्षणबाट समाहित शिक्षाको भौतिक र मानविय व्यवस्थापनको पक्षलाई लिएर तथ्याङ्क संकलन, टेवुलेशन, विश्लेषण गरी प्राप्त सूचनालाई तालिकीकरण गर्दै शोधकार्य सम्पन्न गर्ने प्रयत्न गरिएको छ । प्रशासकिय व्यवस्थापन , मानव संसाधन व्यवस्थापन , भौतिक व्यवस्थापनलाई मुख्य रुपमा लिईएको छ । उपरोक्त पक्षको व्यवस्थापनमा आर्थिकपक्षले प्रभावित गर्ने भएकाले आर्थिक पक्षलाई समेत अनुसन्धानमा समेटिएको छ।

पाठ्यक्रमद्धारा तोकिएका सिकाईउपलब्धि हासिल गराउने प्रयोजनका लागि विद्यालयको उद्देश्य निर्धारण गर्नु र सो उदेश्य प्राप्त गर्न योजना , संगठन, कर्मचारी र शिक्षकको नियुक्ति, कार्य सम्पादन मूल्याङ्कन , नियन्त्रण , उत्प्रेरणा तथा समन्वय गर्नुका साथै विद्यालयमा उपलब्ध स्रोत र साधनलाई व्यवस्थित गरेर उचित परिचालन गर्नु नै विद्यालय व्यवस्थापन हो। यसै परिभाषालाई आधार मानेर विद्यालय व्यवस्थापन अन्तरगत समाहित शिक्षाको व्यवस्थापनलाई तलका ४ प्रकारका व्यवस्थापन शिर्षकमा संकलित तथ्याङ्कको व्याख्या एंव विश्लेषण गरिएको छ :

## ४.१ समाहित शिक्षामा शैक्षिक समाग्री भौतिक पक्ष र मानविय पक्षको विश्लेषण

यस शोधकार्यमा समावेश गरिएका विद्यालयहरुमा पर्याप्त शैक्षिक सामग्री देखिएन र भएका सामग्रीहरु शिक्षकहरुले दैनिक शिक्षण कार्यमा प्रयोग गरेको पाईएन। शिक्षण विधि र प्रविधिहरु सवै पुरानै प्रयोग गरेको पाइयो। स्थानिय श्रोत साधन प्रयोग गरी बनाउन सकिने शैक्षिक सामग्रीहरुको पनि कमि नै देखियो। जसका कारण विद्यार्थीहरुलाई उदेश्य अनुरुपको ज्ञान प्रदान गर्न नसकेको अवस्था देखियो । यसका साथै विद्यालय प्रशासन र सरोकारबालाहरु पनि बजारबाट किन्न सकिने सामग्री किनेर प्रयोग गर्न प्रोत्साहित गरेको

देखिएन् । विद्यालयहरुमा विद्यार्थीहरुको अनुपातमा भवन र कोठाको संख्या पर्याप्त रहेको देखियो । त्यसरी नै विद्यार्थी बसाईका लागि डेक्स, वेन्चको संख्या पनि आवश्यकता अनुसार नै रहेको पाइयो । तर शौचालयको संख्या पर्याप्त देखिएन भएका शौचालयहरु पनि अपाङ्गहरुका लागि सहज हुने पाईएन् । विद्यालयहरुमा विद्यार्थीहरुको अनुपातमा खानेपानीका लागि टयुवेल पर्याप्त संख्यामा पाईएन् । नमूना छनोटमा परेका पाँच विद्यालयहरुको तुलनात्मक अध्ययन गर्दा १२.५ % शिक्षकहरुले समाहित शिक्षाको तालिम लिएको र ८७.५% ले समाहित शिक्षाको तालिम नलिएको विद्यालयको श्रोतबाट प्राप्त जानकारीको आधारमा देखिएको छ । तालिम प्राप्त शिक्षकहरुले तालिम अप्राप्त शिक्षकहरुलाई समाहित शिक्षाको बारेमा ज्ञान आदान प्रदान गरेको देखिएन । तालिम प्राप्त शिक्षक हुँदाहुदै पनि जनक मा.वि.सालवनी र जनता मा.वि.नरसिंहमा समाहित शिक्षाको व्यवस्थापन उपयुक्त ढङ्गले नभएको । प्रत्येक विद्यालयहरुमा प्र.अ. र शिक्षकहरुविचको सहकार्य र सुमधुर सम्बन्ध नभएको पाइयो । विशेष गरी विद्यालयहरुमा आर्थिक पक्ष, शैक्षिक सामग्री खरिद र छात्रावृति जस्ता कुराहरुले गर्दा विवाद उत्पन्न हुने गरेको शिक्षकहरुको भनाई रहेको पाइयो ।

### ४.१.१ लक्षित समुहको समावेशीको अवस्था

समाहित शिक्षाले लक्षित गरेका विद्यार्थीहर विद्यालयले कुन हदसम्म समेटेको छ र लक्षित समुहका विद्यार्थीहरुको पठनपाठनको अवस्था कस्तो छ भन्ने कुराको विश्लेषण गर्न तालिका निर्माण गरी कार्य सम्पन्न गरिएको छ ।

**तालिका नं.-१**

| क्र.स. | विद्यालय | लक्षित समुह | अन्य | जम्मा |
|---|---|---|---|---|
| १. | जनता उ.मा.वि.सिंगिया | ६३४(७२.३७%) | २४२ | ८७६ |
| २. | जनता उ.मा.वि.मधेशा | ५७९(७४.६१%) | १९७ | ७७६ |
| ३. | पकली उ.मा.वि.पकली | ६९१(६५.७४%) | ३६० | १०५१ |
| ४. | जनक मा.वि.सालवनी | १६०(५८.३९%) | ११४ | २७४ |
| ५. | जनता मा.वि.नरसिंह | ३६२(५६.५६%) | २७८ | ६४० |

उपरोक्त विद्यालयहरुमा औषत ६७.०७२ प्रतिशत मात्र लक्षित समुहका विद्यार्थीहरु अध्ययन अध्यापन गरिरहेको पाईएको छ । यस अध्ययनमा श्रमिक, सडक बालबालिका, गरिब, द्धन्द पिडित बालबालिकाहरु समावेश गरिएको छैन् ।

## ४.१.२ समाहित शिक्षामा भौतिक पक्षको अवस्था

**तालिका-२**

| क्र.स. | विवरण | जनता उ.मा.वि.मधेशा | | | | जनता मा.वि.नरसिंह | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | पर्याप्त | अपर्याप्त | कैफियत | संख्या | पर्याप्त | अपर्याप्त | कैफियत |
| १ | भवन | ७ | √ | | | ११ | √ | | |
| २ | कक्षा कोठा | २२ | √ | | | २५ | √ | | |
| ३ | विद्यालयको हाताबार | १ | √ | | | १ | √ | | |
| ४ | प्रयोगशाला | १ | | √ | | १ | | √ | |
| ५ | कम्प्युटर | १ | | √ | | १ | | √ | |
| ६ | डेक्स | १५० | √ | | | १२५ | √ | | |
| ७ | बेञ्च | १५० | √ | | | १२५ | √ | | |
| ८ | कुर्सी | ६० | √ | | | ३० | √ | | |
| ९ | खानेपानी | ७ | √ | | | २ | √ | | |
| १० | छात्राका लागि शौचालय | २ | √ | | | २ | √ | | |
| ११ | छात्रका लागि शौचालय | २ | √ | | | २ | √ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | शिक्षकले प्रयोग गर्ने पुस्तक | छ | | √ | | छ | √ | | |
| १३ | पाठ्यक्रम | १ | | | | - | | | |
| १४ | पाठ्यक्रम दिग्दर्शन | १ | | | | - | | | |
| १५ | पाठ्यपुस्तक | आवश्यक मात्रामा | √ | | | - | | | |
| १६ | शिक्षक निर्देशिका | छ | √ | | | - | | | |
| १७ | शैक्षिक सामग्री | छ | | √ | | छ | | √ | |
| १८ | विषय विस्तृतिकरण | छ | √ | | | - | | | |
| | | पकली उ.मा.वि.पकली | | | | जनता उ.मा.वि.सिंगिया | | | |
| | | संख्या | पर्याप्त | अपर्याप्त | कैफियत | संख्या | पर्याप्त | अपर्याप्त | कैफियत |
| १९ | भवन | ११ | √ | | | २१ | √ | | |
| २० | कक्षा कोठा | ३२ | √ | | | ३३ | | | |
| २१ | विद्यालयको हाताबार | १ | √ | | | १ | | √ | |
| २२ | प्रयोगशाला | १ | | √ | | १ | | √ | |
| २३ | कम्प्युटर | १ | | √ | | १ | | √ | |
| २४ | डेक्स | १३२ | √ | | | २५० | √ | | |
| २५ | बेञ्च | १३३ | √ | | | २५० | √ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २६ | कुर्सी | २१ | | √ | | ६० | √ | | |
| २७ | खानेपानी | १४ | √ | | | ४ | | √ | |
| २८ | छात्राका लागि शौचालय | २ | √ | | | १ | | √ | |
| २९ | छात्रका लागि शौचालय | २ | √ | | | १ | √ | | |
| ३० | शिक्षकका लागि शौचालय | ४ | √ | | | १ | | √ | |
| ३१ | पुस्तकालय | १ | √ | | | १ | √ | | |
| ३२ | पाठ्यक्रम | ४ | | √ | | ७ | √ | | |
| ३३ | पाठ्यक्रम दिग्दर्शन | १३ | | √ | | ६ | | √ | |
| ३४ | पाठ्यपुस्तक | आवश्यक मात्रामा | √ | | | आवश्यक मात्रामा | √ | | |
| ३५ | शिक्षक निर्देशिका | ५० | | √ | | ६० | | √ | |
| ३६ | शैक्षिक सामग्री | ५२२४ | | √ | | ६५०४ | | √ | |
| ३७ | विषय विस्तृतिकरण | १ | √ | | | १ | √ | | |

**स्थलगत भ्रमण, २०७०**

गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यको लागि महत्वपूण पाटोको रुपमा विभिन्न कुराहरुले प्रत्यक्ष प्रभाव पार्दछन् । त्यसैले यस अनुसन्धानकर्ताले नमूना छनोटमा परेका

विद्यालयहरुको प्रत्यक्ष अवलोकन गरेको थियो । अवलोकन गरेका विद्यालयहरुमा रहेको भौतिक अवस्था निम्नानुसार देखियो । श्री जनता उ.मा.वि.मधेशामा कक्षा १-१२ सम्म सञ्चालन रहेको, शिक्षक पर्याप्त रहेको, कक्षाकोठा, फर्निचर आवश्यक संख्यामा रहेको, पुस्तकालयको व्यवस्था भएको, अपाङ्गहरुलाई सजिलै आवतजावत गर्न -यामको व्यवस्था रहेकोले भौतिक संरचनाको अबस्था सन्तोषजनक रहेको पाइएको छ । साथै खेल सामग्री , शैक्षिक सामग्रीहरु खेल खेल्न पर्याप्त नरहेको देखियो ।

उक्त विद्यालयमा शैक्षिक सामग्री, खेलकुद सामग्री, शिक्षकले प्रयोग गर्ने पुस्तक, प्रयोगशाला, कम्प्युटरको कमी हुनुका साथै टेलिफोन, इन्टरनेटको अभाव रहेको देखियो । शौचायलमा ह्वीलचेयर लिएर जान सक्ने ब्यवस्था नभएको र अन्य भौतिक कुरा कोलोपाटी लगायत सम्पूर्ण पक्ष उपयुक्त रहेको ।

श्री जनता मा.वि.नरसिंहमा कक्षा १-१० सम्म सञ्चालन रहेको, शिक्षक पर्याप्त रहेको, कक्षाकोठा, फर्निचर आवश्यक संख्यामा रहेको, पुस्तकालयको व्यवस्था भएको, अपाङ्गहरुलाई सजिलै आवतजावत गर्न
-यामको ब्यवस्था रहेकोले भौतिक संरचनाको अबस्था सन्तोषजनक रहेको पाइएको छ । साथै खेल सामग्री , शैक्षिक सामग्रीहरु खेल खेल्न पर्याप्त नरहेको देखियो ।

उक्त विद्यालयमा शैक्षिक सामग्री, खेलकुद सामग्री, शिक्षकले प्रयोग गर्ने पुस्तक, प्रयोगशाला, कम्प्युटरको संख्या विद्यार्थीको तुलनामा पर्याप्त नभएको साथै टेलिफोन, इन्टरनेटको अभाव रहेको देखियो । शौचायलमा ह्वीलचेयर लिएर जान सक्ने ब्यवस्था नभएको र अन्य भौतिक कुरा कोलोपाटी लगायत सम्पूर्ण पक्ष उपयुक्त रहेको । तर लक्षित समुहको शिक्षण सिकाईका लागि प्रशासनले खासै चासो नदेखाएको र विशेष खालको वातावरण पनि तयार नगरेको पाईयो । शिक्षकहरुले तालिम लिएतापनि प्रा.वि.तहमा भाषाको कठिनाई हुनुका साथै विद्यार्थीहरुको वैयक्तिक विविधताका कारण शिक्षण प्रभावकारी नरहेको वताए ।

श्री पकली उ.मा.वि.पकलीमा कक्षा १-१२ सम्म सञ्चालन रहेको, शिक्षक पर्याप्त रहेको, कक्षाकोठा, फर्निचर आवश्यक संख्यामा रहेको, पुस्तकालयको व्यवस्था भएको, अपाङ्गहरुलाई छुट्टै कक्षा सञ्चालन गरीनुका साथै गाँस र आवासको व्यवस्था पनि अन्य विद्यालयको भन्दा अलगै किसिमको रहेको पाईयो । विद्यार्थीहरुका लागि सम्पूर्ण व्यवस्थापन सरकारी पक्षबाट भएको पाइयो ।  तर श्रोत शिक्षक दानालाल साहका अनुसार शैक्षिक

सामग्रीको अभाव रहेको जानकारी पाइयो । सजिलै आवतजावत गर्न -यामको ब्यवस्था रहेकोले भौतिक संरचनाको अबस्था सन्तोषजनक रहेको पाइएको छ ।

उक्त विद्यालयमा शैक्षिक सामग्री, खेलकुद सामग्री, शिक्षकले प्रयोग गर्ने पुस्तक, प्रयोगशाला, कम्प्युटरको संख्या विद्यार्थीको तुलनामा पर्याप्त नभएको  साथै टेलिफोन, इन्टरनेटको अभाव रहेको देखियो । शारीरिक अपाङ्गहरुका लागि छुट्टै शौचायलको व्यवस्था नभएको र ह्वीलचेयर लिएर जान सक्ने ब्यवस्था नभएको र अन्य भौतिक कुरा कोलोपाटी लगायत सम्पूर्ण पक्ष उपयुक्त रहेको । तर लक्षित समुहको शिक्षण सिकाईका लागि प्रशासनले खासै चासो नदेखाएको र विशेष खालको वातावरण पनि तयार नगरेको पाईयो ।

श्री जनक मा.वि.सालवनीमा कक्षा १-१० सम्म सञ्चालन रहेको, शिक्षक पर्याप्त रहेको, कक्षाकोठा, फर्निचर आवश्यक संख्यामा रहेको, पुस्तकालयको व्यवस्था नभएको, अपाङ्गहरुलाई सजिलै आवतजावत गर्न -यामको ब्यवस्था रहेकोले भौतिक संरचनाको अबस्था सन्तोषजनक रहेको पाइएको छ । साथै खेल सामग्री , शैक्षिक सामग्रीहरु खेल खेल्न पर्याप्त नरहेको देखियो ।

उक्त विद्यालयमा शैक्षिक सामग्री, खेलकुद सामग्री, शिक्षकले प्रयोग गर्ने पुस्तक, प्रयोगशाला, कम्प्युटरको संख्या विद्यार्थीको तुलनामा पर्याप्त नभएको  साथै टेलिफोन, इन्टरनेटको अभाव रहेको देखियो । शौचायलमा ह्वीलचेयर लिएर जान सक्ने ब्यवस्था नभएको र अन्य भौतिक कुरा कोलोपाटी लगायत सम्पूर्ण पक्ष उपयुक्त रहेको । शिक्षकहरुले तालिम लिएतापनि प्रा.वि.तहमा भाषाको कठिनाई हुनुका साथै विद्यार्थीहरुको वैयक्तिक विविधताका कारण शिक्षण प्रभावकारी ढङ्गले सञ्चालनमा कठिनाइ रहेको वताए ।

श्री जनता उ.मा.वि.सिंगियामा कक्षा १-१२ सम्म सञ्चालन रहेको, शिक्षक पर्याप्त रहेको, कक्षाकोठा, फर्निचर आवश्यक संख्यामा रहेको, पुस्तकालयको व्यवस्था भएको, अपाङ्गहरुलाई सजिलै आवतजावत गर्न
-यामको ब्यवस्था रहेकोले भौतिक संरचनाको अबस्था सन्तोषजनक रहेको पाइएको छ । साथै खेल सामग्री र  खेल मैदानको क्षेत्रफल पनि पर्याप्त नभएको पाइयो । त्यसैगरी शैक्षिक सामग्रीहरु खेल खेल्न पर्याप्त नरहेको पाइयो ।

उक्त विद्यालयमा शैक्षिक सामग्री, खेलकुद सामग्री, शिक्षकले प्रयोग गर्ने पुस्तक, प्रयोगशाला, कम्प्युटरको संख्या विद्यार्थीको तुलनामा पर्याप्त नभएको  साथै टेलिफोन, इन्टरनेटको अभाव रहेको देखियो । शौचायलमा ह्वीलचेयर लिएर जान सक्ने ब्यवस्था

नभएको र अन्य भौतिक कुरा कोलोपाटीको सट्टामा मार्कर वोर्ड प्रयोगमा ल्याईएको पाइयो । तर लक्षित समुहको शिक्षण सिकाईका लागि प्रशासनले खासै चासो नदेखाएको र विशेष खालको वातावरण पनि तयार नगरेको पाईयो । शिक्षकहरुले तालिम लिएतापनि प्रा.वि.तहमा भाषाको कठिनाई हुनुका साथै विद्यार्थीहरुको वैयक्तिक विविधताका कारण शिक्षण प्रभावकारी नरहेको वताए । यसै विद्यालयका शिक्षकहरु रामप्रसाद चापागाईं र उमेश प्रसाद यादवका अनुसार यहाँका सवै सुस्तमनस्थितिका विद्यार्थीहरुलाई एउटै कक्षाकोठामा राखेर कक्षा सञ्चालन गर्ने गरीएकाले विद्यार्थीहरुमा सामाजिकरण र भातृत्वको भावना विकासमा खासै टेवा नपुगेको वताए ।

माथीका सवै विद्यालयहरुमा आकर्षक तथा उपयुक्त शैक्षिक सामग्रीमा वृद्धि गरी शिक्षण सिकाईलाई समाहित अनुकुल बनाउने प्रयत्नमा कमी रहेको देखियो ।

### ४.१.३ शैक्षिक सामग्रीको अवस्था

यस शोधकार्यमा समावेश गरिएका विद्यालयहरुमा पर्याप्त शैक्षिक सामग्री देखिएन र भएका सामग्रीहरु शिक्षकहरुले दैनिक शिक्षण कार्यमा प्रयोग गरेको पाईएन । शिक्षण विधि र प्रविधिहरु सवै पुरानै प्रयोग गरेको पाइयो । स्थानिय श्रोत साधन प्रयोग गरी बनाउन सकिने शैक्षिक सामग्रीहरुको पनि कमि नै देखियो । जसका कारण विद्यार्थीहरुलाई उदेश्य अनुरुपको ज्ञान प्रदान गर्न नसकेको अवस्था देखियो । यसका साथै विद्यालय प्रशासन र सरोकारबालाहरु पनि बजारबाट किन्न सकिने सामग्री किनेर प्रयोग गर्न प्रोत्साहित गरेको देखिएन् ।

### ४.१.४ मानविय पक्षको अवस्था

शैक्षिक संस्थाको सर्वोपरी विकासको निमित्त त्यसमा संलग्न ब्यक्तिहरुको तालिम, तिनीहरुको शैक्षिक योग्यता , कार्यप्रतिको प्रतिवद्धता र अनुभव जस्ता कुराहरु महत्पूर्ण हुन्छन् । त्यसैले यो अनुसन्धानमा अनसन्धानकर्ताले नमूना विद्यालयहरुको अवस्था कस्तो रहेको छ ? जस्ता कुराहरुको तथ्याङ्क सङ्कलन गरेको थियो । यस तथ्याङ्कलाई निम्न तालिकामा देखाईएको छ ।

**तालिका नं.-३**

शिक्षकहरुले प्राप्त गरेको समाहित शिक्षाको तालिमको अवस्था

| क.स | विद्यालयको नाम | जम्मा | समाहित शिक्षा सम्बन्धि तालिम लिएका शिक्षकको संख्या | समाहित शिक्षा सम्बन्धि तालिम नलिएका शिक्षकको संख्या |
|---|---|---|---|---|
| १. | जनक मा.वि.सालवनी | १५ | ५ | १० |
| २ | जनता मा.वि.नरसिंह | १७ | ३ | १४ |
| ३ | जनता उ.मा.वि. मधेशा | २४ | २ | २२ |
| ४ | जनता उ.मा.वि.सिंगिया | २६ | २ | २४ |
| ५ | पकली उ.मा.वि.पकली | २२ | १ | २१ |
| | जम्मा | १०४ ( १००%) | १३ (१२.५%) | ९१ (८७.५%) |

**स्थलगत सर्वेक्षण २०७०**

उपरोक्त तालिकालाई विश्लेषण गर्दा निम्नानुसारका कुराहरु प्राप्त गर्न सकिन्छ । नमूना छनोटमा परेका पाँच विद्यालयहरुको तुलनात्मक अध्ययन गर्दा १२.५ % शिक्षकहरुले समाहित शिक्षाको तालिम लिएको र ८७.५% ले समाहित शिक्षाको तालिम नलिएको विद्यालयको श्रोतबाट प्राप्त जानकारीको आधारमा देखिएको छ । तालिम प्राप्त शिक्षकहरुले तालिम अप्राप्त शिक्षकहरुलाई समाहित शिक्षाको बारेमा ज्ञान आदान प्रदान गरेको देखिएन । तालिम प्राप्त शिक्षक हुँदाहुदै पनि जनक मा.वि.सालवनी र जनता मा.वि.नरसिंहमा समाहित शिक्षाको व्यवस्थापन उपयुक्त ढङ्गले नभएको । प्रत्येक विद्यालयहरुमा प्र.अ. र शिक्षकहरुविचको सहकार्य र सुमधुर सम्बन्ध नभएको पाइयो । विशेष गरी विद्यालयहरुमा आर्थिक पक्ष, शैक्षिक सामग्री खरिद र छात्रावृति जस्ता कुराहरुले गर्दा विवाद उत्पन्न हुने गरेको शिक्षकहरुको भनाई रहेको पाइयो ।

कुनै पनि संस्थाको सफल सञ्चालनका लागि संस्थामा कार्यरत तथा सरोकारवालाको समन्वय, सहकार्य, ज्ञानको आदान प्रदान गर्ने व्यवस्था हुनु जरुरी छ । मायोले सिधा सम्पर्क कायम गरी मानव सम्बन्धको विकास गर्नु पर्ने, दोहोरो सम्बन्ध हुनु पर्ने, साधन, श्रोत, प्रक्रिया र वातावरणबीच सुमधुर सम्बन्ध कायम राख्नु पर्ने कुराहरु औल्याएका छन् । समाहित विद्यालयको सञ्चालनमा उपरोक्त कुराहरुलाई ध्यान दिई प्रयोग गर्न सकेमात्र सफल रुपमा व्यवस्थापन र सञ्चालन गर्न सकिन्छ ।

### ४.१.५ भौतिक तथा मानविय पक्षमा सरोकारवालाहरुको प्रतिक्रिया

शोधकार्य सञ्चालन गरिएका विद्यालयहरुमा प्रत्यक्ष अवलोकन गरी भौतिक तथा मानविय पक्षको विश्लेषण गर्ने प्रयत्न गरिएको छ । उक्त कार्य सम्पन्न गर्दा ५ विद्यालयहरु मध्ये २ विद्यालयमा अत्यन्त राम्रो भौतिक तथा मानविय व्यवस्थापन रहेको, १ विद्यालयमा मध्यम र २ विद्यालयमा न्युन रहेको कुरा सरोकारवालाहरुले अन्तरवार्ता, अन्तरक्रिया र प्रश्नावली मार्फत व्यक्त गरेको पाइयो ।

### ४.१.६ विद्यालयले भौतिक पक्षको सुधारमा गरेका प्रयासहरु

शोधकार्य गरिएका विद्यालयहरुबाट प्राप्त जानकारीका आधारमा कक्षाकोठा निर्माण अभिभावक , शौचालय निर्माणमा विद्यार्थी तथा शिक्षक , फर्निचर निर्माणमा अभिभावक, विद्यार्थी र शिक्षक, -याम निर्माणमा विद्यार्थी र घेराबारा निर्माणमा शिक्षक सक्रिय भएको पाइएको छ ।

### ४.१.७ विद्यालयले मानविय पक्षको सुधार गर्न गरेका प्रयासहरु

विद्यालयमा शिक्षकहरुलाई तालिमको व्यवस्था गर्न प्र.अ.तथा वि.व्य.स., समाहित शिक्षाको प्रचार प्रसारमा विद्यार्थी, अन्तरक्रिया सञ्चालन गर्न अभिभावक तथा वि.व्य.स.र अभिभावक भेला सम्पन्न गराउन वि.व्य.स.तथा अभिभावकहरु सक्रिय भई विद्यालयमा मानविय पक्षको सुधार गरिएको कुरा प्रश्नावली , अन्तरक्रिया तथा छलफलबाट प्राप्त भएको छ ।

### ४.१.८ समस्याको विश्लेषण

विद्यालयमा शिक्षकहरले साधारण तथा समाहित शिक्षा सम्बन्धि तालिम प्राप्त नगर्नु एक समस्या देखा परेको छ । तालिम लिएकाहरुले पनि प्राप्त ज्ञानलाई एक आपसमा आदान प्रदान नगर्नु अर्को समस्याको रुपमा देखिन्छ । तालिम प्राप्त गरेकाहरुले कक्षाकोठा भित्र समाहित शिक्षाको मर्म अनुरुप व्यवहार नगर्नु , विद्यालय व्यवस्थापनले समेत समाहित शिक्षा प्रदान गर्न उपयुक्त कदम नचाल्नु नै प्रमुख समस्याको रुपमा देखापरेको छ । यसका साथसाथै विद्यार्थीहरुको सामुदायिक विविधता, व्यक्तिगत विविधता, भाषिक विविधताका कारण अध्ययन अध्यापन गर्न शिक्षकहरुलाई कठिनाई भएको वताए ।

### ४.१.९ समाहित शिक्षाको अवस्था सुधारका उपायहरु

विद्यालयमा कार्यरत शिक्षकहरु, वि.व्य.स.पदाधिकारी, अभिभावकहरुले कक्षा कोठा, खेलसामग्री, शैक्षिक सामग्रीको व्यवस्थापनमा ध्यान पु-याउनु पर्ने, भौतिक विर्माणका लागि श्रोतको खोजी गर्नुपर्ने, अभिभावकहरुलाई सक्रिय बनाउनु पर्ने , -याम तथा शौचालयहरुको व्यवस्थापन गर्नुपर्ने, विद्यालयका विद्यार्थीहरुलाई समाहित ढङ्गले शिक्षण गर्न उपयुक्त कोठाको व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

मानविय पक्षको व्यवस्थापनका लागि वि.व्य.स.तथा अभिभावकहरुले समेत सक्रिय हुनुपर्ने, शिक्षकहरुविच एकआपसमा ज्ञानको आदानप्रदान हुनुपर्ने , विद्यार्थीहरुको पिरमार्का बुझि शिक्षण कार्यसञ्चालन गर्नुपर्ने अनिवार्य आवश्यकता देखिन्छ । साथै साधन श्रोतको अपुग भएमा नेपाल सरकार तथा संघ संस्थाहरुको सहयोगका लागि सक्रिय हुन सकेमा मात्र लक्षित समुहलाई समाहित शिक्षाको मर्मअनुरुप विद्यालयमा पठनपाठन कार्य सञ्चालन गर्न सकिन्छ ।

## ४.२ शैक्षिक समाग्री, भौतिक, मानविय पक्षको समस्याहरु समाधान गर्न विद्यालय प्रशासन र राज्यले गरेका प्रयासहरु

विद्यालयहरुमा विद्यलाय प्रशासन र राज्यको तर्फबाट शैक्षिक सामग्रीहरु न्युनतम मात्रामा उपलब्ध गराइएको पाइयो । तर ति सामग्रीहरु शिक्षकहरुले शिक्षणमा खासै प्रयोग गरेको भने पाईएन् । विद्यार्थीहरुका लागि भवन , डेक्स र बेन्च जस्ता भौतिक सामाग्रीहरु पर्याप्त रहेको पाइयो । लक्षित समुहका लागि कक्षाकोठा अगाडी -यामको व्यवस्था गरेको

पाइयो । तर प्रत्येक विद्यालयमा भने लक्षित समुहका लागि आवश्यक सुविधा सम्पन्न शौचालयको अभाव नै देखियो । खानेपानीका लागि ट्युवेलको संख्या विद्यार्थीको अनुपातमा अपुग रहेको देखियो । यि सवै समस्याहरु समाधानका लागि विद्यालय प्रशासन र राज्य प्रयासरत रहेको देखियो ।

### ४.२.१ अपाङ्ग विद्यार्थीहरुले दिएका शिक्षण सम्बन्धि प्रतिक्रिया

अपाङ्ग विद्यार्थीहरुलाई एउटै कक्षामा राखी अध्यापन गराउदा सामान्य विद्यार्थीहरुले वास्ता नगरेको पाइयो । साधारण विद्यार्थी भन्दा शारीरिक र मानसिक रुपले कमजोर भएकै कारण दिक्क लागेको र सिकाई पनि उनीहरुको तुलनामा ढिलो हुने भएको कारण शिक्षक र अन्यलाई झन्झट महसुस गरेको पाइयो । शिक्षकहरुले साधारण र अपाङ्गहरु प्रति समान व्यवहार नै देखाएको पाइयो । शिक्षकको शिक्षण प्रति सन्तुष्ट रहेको पाइयो । विद्यालयमा कक्षाकोठा र फर्निचर पर्याप्त भएता पनि अपाङ्गहरुलाई बस्नका लागि सुविधा जनक फर्निचर नरहेको बताए । विद्यालयमा -यामको व्यवस्था भएतापनि विद्यार्थीहरुको चापले उनीहरुलाई असहज भएको देखियो ।

### ४.२.२ प्रधानाध्यापकले विद्यालय व्यवस्थापन सम्वन्धि दिएको प्रतिक्रिया

विद्यालय व्यवस्थापनका लागि विभिन्न पक्षहरुबाट समस्याहरु खडा गरिएका छन् । व्यवस्थापकिय कार्यका लागि सरकार र संघसंस्थाबाट मात्र सहयोग गरेको पाइयो । विद्यालयमा कामको जिम्मेवारी शिक्षक र कर्मचारीको क्षमताको आधारमा दिएको पाइयो । विद्यालयमा कार्यक्रमको रुपमा समाहित शिक्षा लागु भएको पाइयो । विद्यालय सञ्चालनका लागि नेपाल सरकारबाट आर्थिक सहयोग प्राप्त भएको देखियो । विद्यालय व्यवस्थापनका लागि वि.व्य.स.बाट समाहित शिक्षाका लागि खासै कसरत गरेको देखिएन् ।

### ४.२.३ शोधकार्यका लागि प्रयोग गरीएका साधनहरुको विश्लेषण

यस शोधकार्यमा तथ्याङ्क संकलनका लागि प्रश्नावली, अवलोकन, रुजुसूची र लक्षित समुह छलफल विधिको प्रयोग गरीएको छ । यी साधनहरु प्रयोग गरी प्राप्त सूचना र जानकारीहरु शतप्रतिशत तथ्यपरक हुने विश्वास गरीएको छ । ती तथ्याङ्कहरुको आधारमा समाहित शिक्षामा देखिएका समस्याहरु औल्याउदै समाधानका लागि सुझावहरु दिइएको छ ।

### ४.२.४ अनुसन्धानात्मक प्रश्नहरुको विश्लेषण

समाहितमा  शिक्षण सिकाई क्रियाकलापका लागि नेपाल सरकारबाट आवश्यक भवनहरु निर्माण भएता पनि शिक्षकहरुमा तालिमको अभाव भएको देखियो । शैक्षिक सामग्रीहरु अपर्याप्त छन भने भएका सामग्रीहरु पनि शिक्षकहरुले प्रयोग गर्न कञ्जुस्याई गरेको देखिन्छ । विद्यालय सुधारका लागि न्युन रुपमा आर्थिक सहयोग प्रदान गरेतापनि विद्यालयका प्र.अ.हरुले खासै चासो देखाएको देखिदैन् । सरकारले समय समयमा पुनःताजकी तालिम कमै मात्रामा दिएको पाइयो । समाहित शिक्षा सञ्चालन गर्दा तालिम नपाएका शिक्षकमा अध्यापन गर्न समस्या देखियो । अपाङ्ग विद्यार्थीहरुको सिकाई क्षमता साधारण विद्यार्थीहरुका भन्दा ढिलो हुने भएकाले कक्षा सञ्चालनमा समस्या उत्पन्न भएको देखियो । त्यसरी नै शौचालयको कमी र सुविधायुक्त शौचालय नभएको, खानेपानीको राम्रो सुविधा नभएको कारण दिशापिसावगर्न र पानी पिउनका लागि समस्या देखियो । विद्यालयले र सरकारद्धार प्रदान गरिएका भौतिक सामग्रीहरु सदुयोग राम्रै भएता पनि शैक्षिक सामग्री प्रयोगमा सुधार देखिएन् । समाहित शिक्षाका लागि गैरसरकारी संघसंस्थाले लक्षित समुहका विद्यार्थीहरुका लागि छात्रवृतिको व्यवस्था, पाठयपुस्तक , अभ्यासपुस्तिका निःशुल्क उपलब्ध गराए तापनि पर्याप्त भने छैन् । नेपाल सरकार , सरकारी र गैर सरकारी संघसंस्थाहरुले अपाङ्गहरुका लागि गाँस, वास, र कपासको व्यवस्था गर्नुका साथै अन्य सवै आवश्यकताहरु पुरा गरी सहयोग गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद-पाँच

# प्राप्ती,निष्कर्ष र सुझाव

यस परिच्छेदमा अघिल्लो परिच्छेदमा गरिएका तथ्याङ्कको व्याख्या एंव विश्लेषणबाट प्राप्त जानकारीका आधारमा प्राप्तिको सूची तयार गरी सोको आधारमा निष्कर्ष र सुझाव दिने प्रयत्न गरिएको छ ।

## ५.१ प्राप्ती

१.पाँचओटा विद्यालयमा जम्मा १०७ जना शिक्षक पाइयो । जसमध्ये समाहित शिक्षाको तालिम १२ जनाले मात्र लिएको पाइयो ।

२.अधिकांश शिक्षकहरु तालिम प्राप्त भएतापनि समाहित शिक्षाको तालिमबाट बञ्चित रहेका छन ।

३. आर्थिक समस्या, अति गरिब, पिछडिएको समुदायमा बालबालिकालाई पढाउनु पर्छ भन्ने संस्कार नबस्नु र नेपाल सरकारले पिछडिएको बर्गलाई विशेष व्यवस्था नगर्नु जस्ता कारण नै विद्यालयमा लक्षित समुहको न्युन उपस्थिति हुनाका कारणहरु देखिए ।

४. स्थानिय स्तरमा पाइने, कम मूल्य पर्ने र विद्यालयमा उपलब्ध सामग्रीलाई प्रयोग गरी विद्यार्थीको स्तर, क्षमता र रुची अनुकुल वैयक्तिक भिन्नतालाई पहिचान गरी शिक्षण गरेको पाइयो ।

५.समाहित शिक्षाको अवस्था आर्थिक पक्षको कमीले समुह विभाजन गर्न , कक्षाकोठा व्यवस्थापन गर्न, कालोपाटीको प्रयोग गर्न असजिलो, ढिलो सिक्ने विद्यार्थीलाई पढाउन कठिनाई, बसाई व्यवस्थापन परिवर्तन गर्न कठिन, सामान्य विद्यार्थीहरु भन्दा अपाङ्ग विद्यार्थीहरुको सिकाई क्षमता ढिलो हुनेहुँदा अध्यापनमा कठिनाई हुनुका साथै विद्यार्थीहरुको सिकाइमा पनि ढिलासुस्ति हुने गरेको पाइयो ।

६.शिक्षकहरुमा सवैखालका अपाङ्ग विद्यार्थीहरुलाई सिकाउने विधि र प्रविधिको ज्ञान नभएकाले अध्यापनमा समस्या देखिएको पाइयो ।

७. समाहित शिक्षा सम्बन्धि तालिमको अभावका कारण तोकिएको उदेश्यअनुरुप प्रतिफल पाउन कठिनाई रहेको ।

८. विद्यालयहरुमा छात्र छात्राको बेग्लै शौचालय नहुनु, खानेपानीको सुविधा कम हुनु, शैक्षिक सामग्री न्युन हुनु, अपाङ्गहरुका लागि ह्वील चेयरको व्यवस्था नहुनु, अपाङ्गहरुका लागि सहज हुनेकिसिमका शौचालयहरुको निर्माण हुन नसक्नु नै प्रमुख समस्याहरुको रुपमा देखियो ।

९.समस्याहरु समाधान र व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति , विद्यालय प्रशासनले ध्यान कम दिनु जस्ता मुख्य चुनौतीहरु पाइयो ।

१०.विद्यालयमा पर्याप्त समाहित शिक्षा सम्बन्धि तालिम लिएका शिक्षकहरुको अभावमा पठनपाठन प्रभावकारी नरहेको पाइयो ।

११. तालिम प्राप्तले अप्राप्तहरुलाई ज्ञानको आदानप्रदान नगर्नु , विद्यालय प्रशासनले प्रचार प्रसारलाई कम ध्यान दिनु, विद्यार्थीहरु मार्फत विद्यालय प्रशासनले ध्यान नपु-याउनु , समाहित शिक्षाको बारेमा जानकारी राख्ने विज्ञहरुको खोजी गरी विद्यालयमा सहभागी गराई कक्षा सञ्चालनमा श्रोतब्यक्तिको रुपमा काम नलगाउनु नै मानविय ब्यवस्थापनका कमजोरीहरु पाइयो ।

१२. विद्यालयहरु ग्रामिण क्षेत्रमा रहेकाले गरीब तथा श्रमिक बालबालिकाहरुको उपस्थिति विद्यालयमा प्रशस्त मात्रामा देखियो ।

१३.शिक्षकहरुबीच समाहित शिक्षाको बारेमा यथेष्ट जानकारी रहेको छ । सवै समाहित विद्यार्थीहरुलाई समेटी पठनपाठन कार्य सञ्चालन गर्ने ब्यवस्था गरीएको पाइयो ।

१४.समाहित शिक्षाको उदेश्य झल्काउने भित्तेलेखन तथा अन्य क्रियाकलापहरु नपाइएकाले यस विद्यालयमा समाहित शिक्षाको भावना अनुरुप शिक्षण सिकाई क्रियाकलाप यथेष्ट मात्रामा हुन नसकेको पाइयो ।

१५. विद्यालयका शिक्षकहरु समाहित शिक्षाको बारेमा सचेत देखिएको हुँदाहूँदै पनि कतिपय क्रियाकलापहरु समाहित शिक्षा अनुकुल नगरिएको पाइयो ।

## ५.२ निष्कर्ष

समाहित शिक्षा लागु गर्न परीक्षणको लागि विद्यालयको नमूना छनोट गरेको ठिक छ । एक विद्यालयदेखि अर्को विद्यालयसम्मको दुरी खासै लामो छैन् । पाँचैवटा विद्यालयहरु ग्रामिण क्षेत्रमा भएकाले गरिब, अपाङ्ग, कृषि श्रमिक , जनजाति , दलित जस्ता लक्षित समुह यो कार्यक्रमबाट लाभान्वित भएको हुँदाहुँदै पनि सेवाक्षेत्रभित्रका सवै बालबालिका समेट्ने

खालको कार्यक्रम तयार हुनुपर्ने , विद्यालय वरिपरि रहेको बस्तीमा प्राय आर्थिक रुपले विपन्न ब्यक्तिहरुको बसोबास हुनु र जनजातिको बस्ती बढी हुनु लक्षित समुहका विद्यार्थी अधिक संख्यामा हुनुका कारण हुन् । विद्यार्थीहरुका लागि विद्यालयमा कम्प्युटरको ब्यवस्था गर्नु पर्ने , र प्रयोगशालाको ब्यवस्था थप गर्नु पर्ने । समाहित शिक्षाका लक्षित समुहका विद्यार्थीहरु कहाँ कति छन् ? व्यापक अनुसन्धान गरी उनीहरुलाई विद्यालयीय बातावरणभित्र ल्याई शिक्षा दिने ब्यवस्था गर्नुपर्ने ।

समाहित शिक्षाको ब्यवस्थापनका विभिन्न समस्याहरु समाधान गर्न सम्बन्धित पक्षहरुले प्रयास गरेका छन् र अझ बढी प्रयास गर्नुपर्छ । प्राथमिक विद्यालय उमेरका समुहका अधिकांश बालबालिकाहरु विद्यालय बाहिर छन् । तिनीहरुलाई विद्यालय भित्र ल्याउन राज्यले विशेष ब्यवस्था गर्नुपर्ने देखिन्छ । शारीरिक अपाङ्गको लागि आवश्यक पर्ने बैशाखी, ह्वीलचेयर , कृत्रिम हातखुट्टा, ट्राइसाइकल , विद्यालयमा विशेष किसिमको फर्निचर आदिको ब्यवस्था गरी शिक्षा लिन प्ररित गर्नुपर्छ । लक्षित समुहका विद्यार्थीलाई शिक्षक र साथीहरुले विद्यालयमा गरिने सम्पूर्ण क्रियाकलापमा समान ब्यवहार गर्नुपर्ने देखिन्छ । विद्यालयले शिक्षक, अभिभावक , वि.व्य.स.पदाधिरी तथा विद्यार्थीहरु सवैलाई समाहित शिक्षाको लक्षित समुहको पहिचानको लागि परिचालन गर्नुपर्ने , शिक्षकहरुले एक आपसमा ज्ञानको आदानप्रदान गर्नुपर्ने , कक्षा सञ्चालन गर्दा दलित, अपाङ्ग, श्रमिक, बालिका , द्धन्दपिडित, घरेलु कामदारहरु, कृषि श्रमिक बालबालिकाहरुको भावना , मनोविज्ञान र पीडालाई समेटी विद्यालय सञ्चालन गर्नुपर्ने र विद्यालयमा भएको आर्थिक अभावलाई परिपूर्ति गर्न सरकारी तथा गैरसरकारी पक्षको खोजी गरी मानवीय श्रोत ब्यवस्थापनमा लगानी बढाउनु पर्ने आवश्यकता छ ।

विद्यालयमा शिक्षकहरुलाई समाहित शिक्षा सम्बन्धि तालिम, कम्प्युटर तथा प्रयोगशालाको यथेष्ट व्यवस्था गर्नुपर्ने, शैक्षिक सामग्री, खेल सामग्री, खानेपानी, ह्वीलचेयर लगायत अन्य भौतिक साधनहरुको व्यवस्था पर्याप्त गर्नुपर्ने तव मात्रै समाहित विद्यालयको रुपमा शिक्षा प्रदान गर्न सकिनेछ ।

### ५.३ सुझाव

प्राप्त तथ्याङ्कहरुको व्याख्या , विश्लेषण र अध्ययनबाट उपलब्ध जानकारीको आधारमा समाहित शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन विद्यालयमा शिक्षकहरुको तालिमको स्थिति, पठनपाठनको अवस्था , भौतिक व्यवस्थापनको अवस्था, विद्यालयका शिक्षकहरुको बैठक, व्यवस्थापन समितिको क्रियाकलाप, विद्यालयको क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता, सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबाट प्राप्त गर्ने सहयोगलाई प्राप्त गर्ने र परिचालन गर्ने कुरामा ध्यान दिनसके समाहित शिक्षाको प्रभावकारीता झल्किन सक्छ । समाहित शिक्षालाई प्रभावकारी बनाई विद्यालय सञ्चालन गर्न निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

१. बैशाखी, ह्वीलचेयर र ट्राइसाइकलमा अपाङ्ग विद्यार्थीहरु सजिलैसँग आवताजावत गर्न सक्ने बाटो बनाउनु पर्ने देखिन्छ ।

२.ढिलो सिक्ने विद्यार्थीहरुलाई विशेष ध्यान दिने , अगाडी राखेर पढाउने र शिक्षकले सकभर शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्ने, समुहका जान्ने विद्यार्थीले नजान्ने विद्यार्थीलाई सिकाउन लगाउनु पर्ने जसले गर्दा ढिलो सिक्ने विद्यार्थीलाई पढाउन सजिलो हुने, फर्निचरको अवस्था, विद्यार्थी संख्या र उनीहरुको स्तर अनुसार समुह विभाजन गरिनुपर्ने देखिन्छ ।

३.विद्यार्थीलाई लहरे प्रकारको बसाईमा राखी शिक्षण गरिनुपर्ने ।

४. शिक्षकशिक्षिकाले विषयवस्तु अनुसारको स्थानीय श्रोतमा पाइने र कम मूल्य पर्ने सामग्री प्रयोग गर्नुपर्ने देखिन्छ ।

५. विद्यार्थी संख्या बढाउन विद्यालयका शिक्षक शिक्षिकाहरुले शिक्षाको महत्व बुझाउन घरदैलो कार्यक्रम गर्नुपर्ने , अध्ययन गर्दागर्दै छोड्ने विद्यार्थीलाई के को समस्याले गर्दा उ पढाई छोड्ने बाध्य भएको  हो सो समस्या पत्तालगाई सम्बद्ध पक्षले त्यसको समाधान गरी विद्यालयमा पढ्न पठाउने बातावरण सृजना गरिनुपर्छ

६. मौसमी किसिमले बालबालिकाहरुलाई विद्यालयमा पढ्न पठाउने अभिभावकलाई आयआर्जनको क्रियाकलापमा संलग्न गराई बालबालिकालाई विद्यालयमा पढ्न पठाउने वातावरण तयार गर्नुपर्ने , अति गरिब परिवारका बच्चालाई खाने बस्ने व्यवस्था, विद्यालय पोशाक, कापी, किताव, छात्रवृति, पढाइमा लाग्ने सम्पूर्ण खर्च र विरामी हुँदा औषधीउपचार गर्न लाग्ने खर्च समेतको व्यवस्था नेपाल सरकारले गर्नु पर्नेछ ।

७.समाहित शिक्षाको महत्व र उदेश्य बारेमा सम्पूर्ण शिक्षकहरु तथा वि.व्य.स.का पदाधिकारीहरुले अन्तरक्रिया गरिनु पर्छ ।

८.समाहित शिक्षाको महत्व झल्किने गरी विद्यालयको व्यवस्थापन हुनुपर्ने साथै विद्यालयमा सम्पूर्ण विद्यार्थीहरुलाई समाहित शिक्षाको मर्म अनुरुप व्यवहार गरिनुपर्ने , विद्यालयको उचित व्यवस्थापनका लागि समुदाय, गा.वि.स., नगरपालिका, लगायत विभिन्न सहयोगी संघसंस्थाहरुलाई समेत साथमा लिई अगाडी बढनुपर्ने दखिन्छ ।

९.विद्यालय विकासको लागि कक्षाकोठा , -याम, शौचालय, शैक्षिक सामग्री, घेराबारा , कम्प्युटर, समाहित शिक्षाका प्रचार सामग्री, खानेपानी , फर्निचर , मार्करवोर्ड जस्ता भौतिक व्यवसथापनका लागि शिक्षक , अभिभावक , वि.व्य.स.लाई सक्रिय बनाउदै सरकार , नगरपालिका, गा.वि.स.र संघसंस्थाहरुलाई परिचालित गर्नुपर्ने देखिन्छ ।

१०.मानवीय पक्षको व्यवस्थापनका लागि विद्यालय प्रशासन सक्रिय हुनुपर्ने, तालिम अप्राप्तहरुलाई तालिम दिनुपर्ने , समाहित शिक्षाको उदेश्यको प्रचारप्रसार गर्नुपर्ने , एकले लिएको ज्ञान अर्कोलाई प्रदान गर्नुपर्ने , समाहित शिक्षाको उदेश्य अनुरुप शिक्षकले कार्य गरेनगरेको विद्यालय प्रशासनद्धारा अनुगमन हुनुपर्ने देखिन्छ ११.लक्षित समुह मध्ये अपाङ्ग बालबालिकाहरुलाई एउटै बसाईमा राखिने भएकाले अन्य सामान्य अवस्थाका बालबालिकाहरुको शिक्षण सिकाईका ढिला सुस्ती भएको देखिएकाले अपाङ्ग वालबालिकाहरुलाई छुट्टै बसाईमा राखी अध्यापन गराउदा अन्य सामान्य बालबालिकाहरुको पढाईमा तीब्रता आउने देखिन्छ ।

१२.बहिराका लागि सांकेतिक भाषामा अध्यापन गराउनु पर्ने भएकाले श्रोत शिक्षकहरुलाई यसको बारेमा तालिम , त्यसरी नै अन्धाका लागी ब्रेललिपि सम्बन्धि तालिम दिनुपर्ने देखिन्छ ।

माथि उल्लेखित सुझावहरुलाई ध्यान पु-याई कार्य गर्नसकेमा विद्यालयमा उपस्थित बालबालिकाहरुलाई समाहित शिक्षाको उदेश्य अनुरुप शिक्षा प्रदान गर्न सकिनेछ ।

# सन्दर्भ सूची

अधिकारी, विष्णुप्रसाद (२०६८), *प्राथमिक शिक्षक दिग्दर्शन,* बागबजार काठमाण्डौः आशिष बुक्स हाउस ।

अधिकारी, विष्णुप्रसाद (२०६६), *माध्यमिक तह अध्यापन अनुमति पत्र,* बागबजार काठमाण्डौः आशिष पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६१, २०६२), *माध्यमिक शिक्षक दिग्दर्शन,* बागबजार काठमाण्डौः आशिष पुस्तक भण्डार ।

अधिकारी किसानप्रसाद (२०६१), शारीरिक अपाङ्गहरुको शिक्षा तथा रोजगार व्यवस्थापन, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र संकाय

काफ्ले वासुदेव (२०६२) समावेशी शिक्षामा शिक्षकको भुमिका, अपाङ्ग सशक्तिकरण, बुद्धनगर,काठमाण्डौ, नेपाल अपाङ्ग समाज

केन्द्रिय तथ्याङ्क विभाग (२०६८), राष्ट्रिय जनगणना आयोग ।

नेपाल अधिराज्यको संविधान (२०४६), वौद्धिक दर्पण पुतली सडक, काठमाण्डौ ।

नेपालको अन्तरिम संविधान (२०६३), पिनाकल पब्लिकेशन प्रा.लि.बागवजार, काठमाण्डौ ।

नेपाल चेलीबेटी अपाङ्ग महिला समाज (२०६९), तरहरा आँपगाँछी, सुनसरी ।

पूर्वकालिन प्राथमिक शिक्षक तालिम, प्रशिक्षार्थी श्रोत सामग्री दोस्रो सेमेष्टर शैक्षिक जनशक्ति विकाश केन्द्र (२०६०) सानोठिमी, भक्तपुर ।

बालविकास तथा सिकाई, शैक्षिक जनशक्ति विकास केन्द्र, सानो ठिमी भक्तपुर

शर्मा एण्ड शर्मा (२०६५), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाण्डौः एम के पब्लीसर्स एण्ड डिस्ट्रब्यटर्स ।

शर्मा एण्ड शर्मा (२०६८), *शिक्षा मनोविज्ञान भोटाहीटी काठमाण्डौः* एम.के पब्लीसर्स एण्ड डिस्ट्रीब्युटर्स

शर्मा डण्डमणि, दिवाकर (२०६९/०७०), शिक्षक सेवा दिग्दर्शन ।

शिक्षा ऐन, सातौ संशोधन (२०५८), पिनाकल पब्लिकेशन प्रा.लि.बागवजार, काठमाण्डौ ।

समाहित शिक्षा सूचना सामग्री (२०६८), समाहित शिक्षा शाखा, शिक्षा विभाग

स्थानिय स्वायत शासन ऐन (२०५५), वौद्धिक दर्पण पुतली सडक, काठमाण्डौ ।

सोपान विशेषाङ्क (२०६९/०७०), मकालु प्रकाशन गृह डिल्लीबजार, काठमाण्डौ ।

M.singh (2064), A story on the policy and practice of inclusive school education conductive.

# अनुसूची-१

## विद्यालयका शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

शिक्षकको नाम : शैक्षिक योग्यता :

पढाउने विषय : पढाउने तह :

अनुभव वर्ष :

१.समाहित शिक्षा लागु भएपछि बालबालिकाहरुलाई अध्यापन गर्दा कुन कुन विधिहरु प्रयोग गर्नु भएको छ ?

क) छलफल तथा प्रर्दशन ☐

ख) व्याख्यान तथा खोज ☐

ग) दुवै ☐

२.अध्यापनका लागि बसाई व्यस्थापन गर्न कक्षाकोठाको अवस्था कस्तो छ ?

क) पर्याप्त ☐

ख) अपर्याप्त ☐

ग) ठिकै ☐

३.प्रभावकारी शिक्षण सिकाईं क्रियाकलापका लागि के के गर्नु हुन्छ ?

क) शिक्षकसँग छलफल ☐

ख) अभिभावकसँग छलफल ☐

ग) शिक्षक केन्द्रित शिक्षण ☐

घ) विद्यार्थी केन्द्रित शिक्षण ☐

४. के कस्ता शैक्षिक सामग्रीहरु निर्माण र प्रयोग गर्नु भएको छ ?

क) श्रव्य ☐

ख) दृष्य ☐

ग) दुव ☐

# अनुसूची-२

## अपाङ्ग विद्यार्थीका लागि विद्यार्थीलाई सोधिने प्रश्नावली

विद्यार्थीको नाम : लिङ्ग :

विद्यालयको नाम :

कक्षा :

१.साथीहरुले तिमीलाई कक्षामा कस्तो व्यवहार गर्छन् ?

क.सवैले माया गर्छन् ☐

ख.घृणा गर्छन् ☐

ग.कसैले वास्ता गर्दैनन् ☐

२.तिमीहरुलाई एकै ठाँउमा राखेर पढाउन कस्तो लाग्छ ?

क. दिक्क ☐

ख.रमाइलो ☐

ग.ठीकै ☐

३.साधारण र अपाङ्ग विद्यार्थीहरु प्रति शिक्षकको व्यवहार कस्तो देखिन्छ ?

क) समान ☐

ख) असमान ☐

☐

४.शिक्षकको शिक्षण कस्तो लाग्छ ?

क) दिक्क लाग्दो ☐

ख) रमाइलो ☐

ग)ठीकै ☐

५.शैक्षिक सामग्रीको प्रयोगमा अपाङ्ग विद्यार्थीहरुको सहभागीता कस्तो रहन्छ ?

क) सक्रिय

ख) निष्कृय

ग) सहभागिता गराइदैन्

६.बस्ने कक्षाकोठा र फर्निचरको अवस्था कस्तो छ ?

क) उपयुक्त

ख) अनुपयुक्त

ग) छैन्

७.-यामको व्यवस्था कस्तो छ ?

क) उपयुक्त

ख) अनुपयूक्त

ग) छैन्

# अनुसूची-३

## रुजु सूची

## विद्यालयमा समाहित शिक्षाको प्रभावकारीता

## विद्यालयको विभिन्न पक्षको अध्ययन (विद्यालयका लागि)

विद्यालयको नामः

ठेगानाः

क. भौतिक पक्ष

१.बसाईंका लागि कक्षाकोठाको व्यवस्था छ, छैन् ?

२.बसाईका लागि फर्निचरको व्यवस्था छ, छैन् ?

३.-यामको व्यवस्था छ, छैन् ?

४.शौचालयमा -यामको व्यवस्था छ, छैन् ?

५.केटाकेटीका लागि छुट्टाछुट्टै शौचालय छ, छैन् ?

६. खेलमैदान छ, छैन् ?

ख. आर्थिक पक्ष

१.समाहित शिक्षाको व्यवस्थापनमा आफ्नै श्रोतको प्रयोग भएको छ, छैन् ?

२.जिल्ला शिक्षा कार्यालयबाट सुविधा प्राप्त गर्नु भएको छ, छैन् ?

३.स्थानिय निकायबाट आर्थिक सहयोग भएको छ, छैन् ?

४.अभिभावकबाट सहयोग छ, छैन् ?

५.शिक्षक स्टाफबाट सामान्य आर्थिक सहयोग हुन्छ , हुदैन् ?

६.समाहित शिक्षा लागु गराउन आवश्यक आर्थिक पक्ष विद्यालयले जुटाउछ, जुटाउदैन् ?

ग.मानविय पक्ष

१.कक्षा अनुसार शिक्षकको व्यवस्था छ, छैन् ?

२. शिक्षकहरुले समाहित शिक्षा सम्बन्धि तालिम प्राप्त गरेका छन्, छैन् ?

३.तालिमबाट फर्केपछि शिक्षक र व्यवस्थापन बिच अन्रक्रिया हुन्छ कि हुदैन् ?

४.व्यवस्थापन समितिका पदाधिकारीहरु विद्यालय व्यवस्थापनमा सक्रिय छन् कि छैनन् ?

५.अभिभावक भेला गराई समाहित शिक्षालाई प्रभावकारी बनाउन विद्यालयले प्रयत्न गर्छ कि गर्दैन् ?

६.विभिन्न क्षेत्रका विशेषज्ञहरुको उपयोग गर्दै विद्यलाय व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रयत्न भएको छ, छैन् ?

घ. शैक्षिक सामग्री

१.विद्यालयमा के कस्ता शैक्षिक सामग्रीहरु उपलब्ध छन् ?

२.अपाङ्ग विद्यार्थीहरुका लागि उपयुक्त छन् कि छैनन् ?

३.शैक्षिक सामग्री पर्याप्त छन् कि छैनन् ?

४.शैक्षिक सामाग्रीहरु विधुतिय छन् कि पुरानै छन् ?

५.शैक्षिक सामग्रीका लागि कहाँबाट श्रोत जुटाउनु हुन्छ ?

## अनुसूची-४

## प्रधानाध्यापक सँग सोधिने अन्तरवार्ता प्रश्नावली

## प्रधानध्यापकको व्यक्तिगत विवरण

नामः विद्यालयः

प्र.अ.को अनुभव अवधिः ठेगानाः

प्र.अ. व्यवस्थापन तालिम लिएको ☐ नलिएको ☐

समाहित शिक्षा सम्वन्धि तालिम लिएको ☐ नलिएको ☐

१.समाहित शिक्षाको व्यवस्थापन गर्दा कुन कुन पक्षबाट समस्याहरु आएका छन् ?

क) सरकारी पक्षबाट ☐

ख) गैरसरकारी संघसंस्थाबाट ☐

ग) अभिभावकहरुबाट ☐

घ) सवैबाट ☐

२.विद्यालयको व्यवस्थापकिय कार्य गर्न क कसले सहयोग गर्दछन् ?

क) अभिभावक ☐

ख)शिक्षक ☐

ग) नेपाल सरकार तथा संघसंस्था ☐

घ) सवैबाट ☐

३.तपाईंले शिक्षक र कर्मचारीलाई कामको जिम्मेवारी दिने आधारहर के के हुन् ?

क) शिक्षकको क्षमताको आधारमा ☐

ख) वि.व्य.स.को निर्णयको आधारमा ☐

ग) तपाईंसँग नजिक भएको आधारमा ☐

४. यस विद्यालयमा समाहित शिक्षा कसरी लागु भएको हो ?

क) परीक्षणको रुपमा

ख) कार्यक्रमको रुपमा

ग) वि.व्य.स.को निर्णयको आधारमा

५.समाहित शिक्षाको व्यवस्थापनका आर्थिक श्रोतहरु मध्ये कुन प्रमुख हो ?

क) संघसंस्था

ख) अभिभावक

ग) नेपाल सरकार

६. समाहित शिक्षाको भौतिक व्यवस्थापनमा तपाईंलाई कस्तो सहयोग प्राप्त भएको छ ?

क) नगद सहयोग

ख) वस्तुगत सहयोग

ग) प्राविधिक सहयोग

घ) सवै प्रकारका सहयोग

७. विद्यालय व्यवस्थापन समितिले समाहित शिक्षाको मानविय पक्षको व्यवस्थापनमा कस्तो सहयोग पु-याएको छ ?

क) सक्रिय

ख) निष्क्रिय

ग) कुनै पनि सहयोग छैन्

# अनुसूची-५

## विद्यालय व्यवस्थापन समितिको अध्यक्षका लागि अन्तरवार्ता प्रश्नावली

नाम:

विद्यालयको नाम :

अध्यक्षमा बसेको अवधि ठेगाना :

अध्यक्षले व्यवस्थापन तालिम लिएको ☐ नलिएको ☐

समाहित शिक्षा सम्वन्धि तालिम लिएको ☐ नलिएको ☐

१.तपाईं कहिले देखि व्यवस्थापन समितिको अध्यक्षमा बस्नु भएको हो ?

उत्तर :

२.व्यवस्थापन समितिको समितिको अध्यक्ष बन्न तपाईंलाई के कुराले प्रेरित गरेको हो ?

क) विद्यालय विकासको लागि ☐

ख) समाज सेवाको लागि ☐

ग) माथिका दुवै ☐

३.तपाईं विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पक्षबाट सन्तुष्ट हुनुभएको छ ?

क) ठिकै ☐

ख) सन्तुष्ट ☐

ग)अति सन्तुष्ट ☐

४.विद्यालय व्यवस्थापन समितिको वैठक नियमित रुपमा बस्छ वा बस्दैन् ?

क) बस्छ ☐

ख) कहिलेकाँही बस्छ ☐

ग) बस्दैन् ☐

५.समाहित शिक्षाको व्यवस्थापनमा प्र.अ.लाई कसरी सहयोग पु-याउनु हुन्छ ?

क) प्र.अ.सँग छलफल गरेर

ख) वि.व्य.स. मा नयाँ एजेण्डा प्रस्तुत गरेर

ग) माथिका दुवै

६. समाहित शिक्षा सञ्चालन गर्न के कस्ता भौतिक तथा शैक्षिक समाग्री थप गर्न आवश्यकत ठान्नु भएको छ ?

क) ह्विल चयर

ख) वैशाखी

ग) अडियो भिडियोको व्यवस्था

७.ती सामग्रीहरु थप गर्नका लागि आर्थिक श्रोत कहाँबाट कसरी जुटाउनु भयो ?

क) समुदाय तथा संघसंस्थाहरुबाट

ख) सरकारबाट

ग) माथिका दुवै

८.समाहित शिक्षा सञ्चालन गर्न के कस्ता समस्याहरु देखिएका छन् ?

क) आर्थिक तथा शैक्षिक

ख) भौतिक तथा सामुदायिक

ग) माथिका दुवै

९. ती समस्याहरुको निराकरण कसरी गर्नु भएको छ ?

क) नियमित छलफल

ख) माथिल्लो निकायसँग राय लिएर

ग) माथिका दुवै

## अनुसूची-६

## साधारण विद्यार्थीका लागि अन्तरवार्ताको प्रश्नावली

विद्यार्थीको नाम : लिङ्ग

विद्यालयको नाम : उमेर

कक्षा :

१.कक्षाकोठाको बसाईव्यवस्था कस्तो छ ?

क) उत्तम

ख)मध्यम

ग) निम्न

२.शिक्षकले पढाउँदा शैक्षिक सामग्रीको प्रयोग गर्छन् कि गर्दैनन् ?

क) गर्छन्

ख)कहिलेकाँही गर्छन्

ग) गर्दैनन्

३.पढाउदा कस्ता शैक्षिक सामग्रीको प्रयोग गरीएको छ ?

क) विषयवस्तुसँग मिल्ने

ख) विषयवस्तुसँग अलिअलि मिल्ने

ग) विषयवस्तुसँग नमिल्ने

४.विद्यालय भवन कस्तो छ ?

क) आकर्षक

ख) मन नपर्ने

ग) सुधार गर्नुपर्ने

५.शौचालयको अवस्था कस्तो छ ?

क) उपयुक्त

ख) अनुपयुक्त

ग) थप गर्नुपर्ने

६.सवै विद्यार्थीको भावना अनुसार शिक्षकले पढाउनछन् ?

क) पढाउछन्

ख) पढाउदैन्

ग) थाहा छैन्

७.शिक्षकले तिमीहरुलाई विद्यालयमा कस्तो व्यवहार गर्छन् ?

क) माया गर्छन्

ख) घृणा गर्छन्

ग दुवै

८.कक्षामा तिमीप्रति अरु साथीहरुको व्यवहार कस्तो पायौ ?

क) अति राम्रो

ख) राम्रो

ग) नराम्रो

९.विद्यालयको अतिरिक्त क्रियाकलाप मध्ये कस्ता क्रियाकलापमा तिमी सम्मिलित भएका छौं ?

क) खेलकुद

ख) साँस्कृतिक कार्यक्रम

ग) हाजिरी जवाफ

## अनुसूची-७

## अभिभावकका लागि प्रश्नावली

नाम:

वडा नं.

टोल :

१. तपाईंको वच्चा कुन तहमा पढ्छ ?

क) प्राथमिक

ख) निम्न माध्यमिक

ग) माध्यमिक

२.तपाईं विद्यालयमा गई आफ्नो वच्चाको पढाइका वारेमा शोधखोज गर्नुहुन्छ कि गर्नु हुन्न् ?

क) नियमित गर्छु

ख) कहिलेकाँही गर्छु

ग) गर्दिन्

३.तपाईंको छोरा /छोरीले शिक्षकहरुबाट प्राप्त व्यवहार सुनाउछन् कि सुनाउदैनन् ?

क) सधै सुनाउछन्

ख) कहिलेकाँही सुनाउछन्

ग) सुनाउदैनन्

४.विद्यालयमा वस्ने फर्निचर र कक्षाकोठाको वारेमा वच्चाले केही भन्छ ?

क) भन्छ

ख)भन्दैन्

ग)थाहा छैन्

५.गरिब, पिछडिएका, अपाङ्ग, श्रमिक वालवालिकाहरुलाई लक्षित गरी विद्यालयमा कुनै कार्यक्रम भएको छ, छैन् ?

क) छ

ख) कहिलेकाँही

ग) छैन्

६.वि.व्य.स. गठन हुँदा तपाईं सहभागी हुनु भयो /भएन् ?

क) भएँ

ख) पत्राचार नै भएन

ग) भइन्

७.तपाईं विद्यालयको मानविय पक्षको व्यवस्थापनमा सन्तुष्ट हुनुहुन्छ ?

क) ठिकै

ख) पूर्ण सन्तुष्ट

ग) असन्तुष्ट

## अनुसूची ८

जनता उच्च माध्यमिक विद्यालय मधेशाको शिक्षक विवरण

| क.स. | शिक्षकको नाम | तह | योग्यता | तालिम |
|---|---|---|---|---|
| १. | श्री बसन्तकुमार अधिकारी | मा.वि. | एम.एड | प्राप्त |
| २. | श्री राजेन्द्र न्यौपाने | | एम.एड | प्राप्त |
| ३. | श्री रामकुमार निरौला | | वि.एड | प्राप्त |
| ४. | श्री बलराम चौधरी | | वि.एस्सी | प्राप्त |
| ५. | श्री कृष्ण प्रसाद तिम्लसेना | | एम.एड | प्राप्त |
| ६. | श्री कृष्ण प्रसाद भट्टराई | | वि.एड | प्राप्त |
| ७. | श्री रामसागर मेहता | | एम.एड | प्राप्त |
| ८. | श्री कृष्ण प्रसाद रेग्मी | नि.मा.वि. | वि.कम | प्राप्त |
| ९. | श्री अमिरीलाल यादव | | वि.एस्सी | प्राप्त |
| १०. | श्री सत्यनारायण चौधरी | | आइ.कम | प्राप्त |
| ११. | श्री ध्रुवराज कार्की | | आइ.एस्सी | प्राप्त |
| १२. | श्री अर्जुन खनाल | | एम.एड | प्राप्त |
| १३. | श्री राकेश चौधरी | | वि.एड | प्राप्त |
| १४. | श्री भावना सुवेदी | | वि.ड | प्राप्त |
| १५. | श्री शंकर गौतम | | वि.कम. | प्राप्त |
| १६. | श्री टिका प्रसाद चौधरी | | वि.एड | प्राप्त |
| १७. | श्री तेजराज सुवेदी | प्रा.वि. | आइ. एड | प्राप्त |
| १८. | श्री चिरञ्जीवी रेग्मी | | वि.कम. | प्राप्त |
| १९. | श्री गीता बस्नेत | | आइ.एड | प्राप्त |
| २०. | श्री नारायण भट्टराई | | वि.एड | प्राप्त |
| २१. | श्री विष्णु बहादुर खडका | | एस.एल.सी. | प्राप्त |
| २२. | श्री गायत्री दुलाल | | एस.एल.सी | प्राप्त |
| २३. | श्री उर्मिला निरौला | | एस.एल.सी | प्राप्त |
| २४. | श्री उर्मिला सुवेदी | | एस.एल.सी | प्राप्त |

श्रोत : तथ्याङ्क फारम २०७०

# अनुसूची ९

## जनता उच्च माध्यमिक विद्यालय सिंगियाको शिक्षक विवरण

| क.स. | शिक्षकको नाम | तह | योग्यता | तालिम |
|---|---|---|---|---|
| १. | श्री राजेन्द्र पौडेल | मा.वि. | एम.ए | प्राप्त |
| २. | श्री देवनारायण चौधरी | | एम.ए | प्राप्त |
| ३. | श्री धनिकलाल मेहता | | वि.एस्सी | प्राप्त |
| ४. | श्री बलराम भट्टराई | | वि.एड. | प्राप्त |
| ५. | श्री तारानन्द यादव | | एम.एड | प्राप्त |
| ६. | श्री लीलाप्रसाद पौडेल | | वि.एड | प्राप्त |
| ७. | श्री सुमनप्रसाद चौधरी | नि.मा.वि. | एस.एल.सी | प्राप्त |
| ८. | श्री प्रविण कुमार चौधरी | | वि.कम | प्राप्त |
| ९. | श्री विन्तीलाल चौधरी | | आइ.ए. | प्राप्त |
| १०. | श्री जगदिश प्रसाद शाह | | आइ.कम | प्राप्त |
| ११. | श्री साजन चौधरी | | एम.एड | प्राप्त |
| १२. | श्री धनविक्रम कार्की | | एम.एड | प्राप्त |
| १३. | श्री मनिकचन्द्र चौधरी | | आए.एड | प्राप्त |
| १४. | श्री दुर्गाप्रसाद सुवेदी | | आइ. ए. | प्राप्त |
| १५. | श्री देवनारायण चौधरी | | वि.कम. | प्राप्त |
| १६. | श्री रामप्रसाद चापागाईं | | वि.एड | प्राप्त |
| १७. | श्री उमेशप्रसाद यादव | प्रा.वि. | एम. एड | प्राप्त |
| १८. | श्री विजयकुमार पराजुली | | आइ.कम. | प्राप्त |
| १९. | श्री रेणु रिजाल | | आइ.एड | प्राप्त |
| २०. | श्री जितेन्द्र सुवेदी | | एस.एल.सी | प्राप्त |
| २१. | श्री संजिवकुमार चौधरी | | एस.एल.सी. | प्राप्त |
| २२. | श्री अच्छिमित चौधरी | | वि.एड | प्राप्त |
| २३. | श्री विजयकुमार चौधरी | | एस.एल.सी | प्राप्त |
| २४ | श्री यसोदा भण्डारी | | एस.ए.सी | प्राप्त |

| | | | | |
|---|---|---|---|---|
| २५ | श्री दीपनारायण चौधरी | | वि.एड. | प्राप्त |
| २६ | श्री रञ्जु सिग्देल | | एम.एड | प्राप्त |
| २७ | निशा चौधरी | | एस.एल.सी. | अप्राप्त |
| २८ | महेश्वर प्रसाद खतिवडा | | एस.एल.सी. | प्राप्त |

श्रोत : तथ्याङ्क फारम २०७०

# अनुसूची १०

पकली उच्च माध्यमिक विद्यालय पकलीको शिक्षक विवरण

| क.स. | शिक्षकको नाम | तह | योग्यता | तालिम |
|---|---|---|---|---|
| १. | श्री हरिकान्त साह | मा.वि. | एम.एड | प्राप्त |
| २. | देवकान्त चौधरी | | वि.एस्सी | प्राप्त |
| ३. | श्री महानन्द निरौला | | एम.एड | प्राप्त |
| ४. | श्री हरीराम भट्टराई | | एम.ए | प्राप्त |
| ५. | श्री शम्भु नेपाल | | वि.एड | प्राप्त |
| ६. | श्री विष्णुदेव मेहता | | वि.एस्सी | प्राप्त |
| ७. | श्री हिम्मत नारायण चौधरी | नि.मा.वि. | वि.एड | प्राप्त |
| ८. | श्री बुधनारायण चौधरी | | वि.ए. | प्राप्त |
| ९. | श्री शम्भुप्रसाद साह | | एम.एड | प्राप्त |
| १०. | श्री उर्मिला शाह | | आइ.ए | प्राप्त |
| ११. | श्री नेत्रकला दवाडी | प्रा.वि. | वि.एड | प्राप्त |
| १२. | श्री इन्द्रप्रसाद नेपाल | | वि.एड | प्राप्त |
| १३. | श्री गयाराम चौधरी | | आए.ए | प्राप्त |
| १४. | श्री लोकप्रसाद पराजुली | | एस.एल.सी | प्राप्त |
| १५. | श्री दानालाल साहा | | एस.एल.सी | प्राप्त |
| १६. | श्री इन्द्रावती दवाडीं | | वि.एड | प्राप्त |
| १७. | श्री दुर्गादेवी फुँयाल | | आइ.कम | प्राप्त |
| १८. | श्री असिराम चौधरी | | वि.एड. | प्राप्त |
| १९. | श्री रामदेव चौधरी | | वि.एड | प्राप्त |
| २०. | श्री राम बहादुर राई | | एम.वि.एस. | प्राप्त |
| २१. | श्री रमेश कुमार चौधरी | | वि.एड | प्राप्त |
| २२. | श्री पुनम चौधरी | | आइ.ए. | प्राप्त |
| २३. | श्री विमला अधिकारी | | वि.ए. | प्राप्त |

श्रोत : तथ्याङ्क फारम २०७०

# अनुसूची ११

जनक माध्यमिक विद्यालय सालबनीको शिक्षक विवरण

| क.स. | शिक्षकको नाम | तह | योग्यता | तालिम |
|---|---|---|---|---|
| १. | श्री सत्येन्द्रकुमार मिश्र | मा.वि. | एम.ए | प्राप्त |
| २. | श्री दैवप्रसाद खतिवडा | | एम.ए | प्राप्त |
| ३. | श्री तेजप्रसाद भट्टराई | | वि.एस्सी | प्राप्त |
| ४. | श्री रामप्रसाद मेहता | नि.मा.वि. | वि.एड. | प्राप्त |
| ५. | श्री सरोज दाहाल | | एम.एड | प्राप्त |
| ६. | श्री सन्तोष मण्डल | | वि.एड | प्राप्त |
| ७. | श्री रामजी चौधरी | | एस.एल.सी | प्राप्त |
| ८. | श्री हरीप्रसाद भट्टराई | प्रा.वि | वि.कम | प्राप्त |
| ९. | श्री गोविन्दप्रसाद रिमाल | | आइ.ए. | प्राप्त |
| १०. | श्री रामप्रताप बुढाथोकी | | आइ.कम | प्राप्त |
| ११. | श्री घनश्याम नेपाल | | एम.एड | प्राप्त |
| १२. | श्री चन्द्रसिंह ठकुरी | | एम.एड | प्राप्त |
| १३. | श्री सरस्वती बस्नेत | | आए.एड | प्राप्त |
| १४. | श्री धनकुमारी शाही | | आइ. ए. | प्राप्त |
| १५. | श्री थानेश्वर निरौला | | वि.कम. | प्राप्त |

श्रोत : तथ्याङ्क फारम २०७०

# अनुसूची १२

## जनता माध्यमिक विद्यालय नरसिंहको शिक्षक विवरण

| क.स. | शिक्षकको नाम | तह | योग्यता | तालिम |
|---|---|---|---|---|
| १. | श्री हरीगोविन्द यादव | मा.वि. | एम.ए | प्राप्त |
| २. | श्री विन्देश्री साह | | वि.एस्सी | प्राप्त |
| ३. | श्री प्रमिला यादव | | एम.एड | प्राप्त |
| ४. | श्री बाबुराम साह | | आइ.एड | प्राप्त |
| ५. | श्री बलराम उराव | नि.मा.वि. | आइ.एस्सी | प्राप्त |
| ६. | श्री शिवनारायण यादव | | आइ.एस्सी | प्राप्त |
| ७. | श्री रघुनन्दन मेहता | | एम.एड | प्राप्त |
| ८. | श्री सुनिल कुमार भगत | | एम.एड | प्राप्त |
| ९. | श्री बद्रीलाल उराव | प्रा.वि. | एस.एल.सी | प्राप्त |
| १०. | श्री सत्यनारायण मेहता | | एस.एल.सी | प्राप्त |
| ११. | श्री श्यामप्रसाद साह | | एम.एड | प्राप्त |
| १२. | श्री शान्तीराम खनाल | | आइ.एड | प्राप्त |
| १३. | श्री मोहमदसहसां अन्सारी | | आइ. एस्सी | प्राप्त |
| १४. | श्री मुरली मनुहर यादव | | आइ. एड | प्राप्त |
| १५. | श्री मिना यादव | | आइ.एड | प्राप्त |
| १६. | श्री नसिर अन्सारी | कर्मचारी | | |
| १७. | श्री नारायण उराव | पियन | | |

श्रोत : तथ्याङ्क फारम २०७०

## अनुसूची १३

जनता उच्च माध्यमिक विद्यालय मधेशाको भौतिक सुविधाको विवरण

| क.स | विवरण | संख्या | पर्याप्त | अपर्याप्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | भ्वन | ७ | √ | | |
| २ | कक्षा कोठा | २२ | √ | | |
| ३ | विद्यालयको हाताबार | १ | √ | | |
| ४ | प्रयोगशाला | १ | | √ | |
| ५ | कम्प्युटर | १ | | √ | |
| ६ | डेक्स | १५० | √ | | |
| ७ | बेञ्च | १५० | √ | | |
| ८ | कुर्सी | ६० | √ | | |
| ९ | खानेपानी | ७ | √ | | |
| १० | छात्राका लागि शौचालय | २ | √ | | |
| ११ | छात्रका लागि शौचालय | २ | √ | | |
| १२ | शिक्षकले प्रयोग गर्ने पुस्तक | छ | | √ | |
| १३ | पाठ्यक्रम | १ | | | |
| १४ | पाठ्यक्रम दिग्दर्शन | १ | | | |
| १५ | पाठ्यपुस्तक | आवश्यक मात्रामा | √ | | |
| १६ | शिक्षक निर्देशिका | छ | √ | | |
| १७ | शैक्षिक सामग्री | छ | | √ | |
| १८ | विषय विस्तृतिकरण | छ | √ | | |

श्रोतः फ्ल्यास द्धितिय २०७०

## अनुसूची १४

पकली उच्च माध्यमिक विद्यालय पकलीकको भौतिक सुविधाको विवरण

| क.स | विवरण | संख्या | पर्याप्त | अपर्याप्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | भ्वन | ११ | √ | | |
| २ | कक्षा कोठा | ३२ | √ | √ | |
| ३ | विद्यालयको हाताबार | १ | √ | √ | |
| ४ | प्रयोगशाला | १ | | | |
| ५ | कम्प्युटर | १ | | | |
| ६ | डेक्स | १३२ | √ | √ | |
| ७ | बेञ्च | १३३ | √ | | |
| ८ | कुर्सी | २१ | | | |
| ९ | खानेपानी | १४ | √ | | |
| १० | छात्राका लागि शौचालय | २ | √ | | |
| ११ | छात्रका लागि शौचालय | २ | √ | | |
| १२ | शिक्षकले प्रयोग गर्ने पुस्तक | ४ | √ | √ | |
| १३ | पाठ्यक्रम | १ | √ | √ | |
| १४ | पाठ्यक्रम दिग्दर्शन | ४ | | | |
| १५ | पाठ्यपुस्तक | १३ | | √ | |
| १६ | शिक्षक निर्देशिका | आवश्यक मात्रामा | √ | √ | |
| १७ | शैक्षिक सामग्री | ५० | | | |
| १८ | विषय विस्तृतिकरण | ५२२४ | | | |

श्रोतः फ्ल्यास द्वितिय २०७०

# अनुसूची १५

## जनता माध्यमिक विद्यालय नरसिंहको भौतिक सुविधाको विवरण

| क.स | विवरण | संख्या | पर्याप्त | अपर्याप्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | भ्वन | ११ | √ | | |
| २ | कक्षा कोठा | २५ | √ | | |
| ३ | विद्यालयको हाताबार | १ | √ | | |
| ४ | प्रयोगशाला | १ | | √ | |
| ५ | कम्प्युटर | १ | | √ | |
| ६ | डेक्स | १२५ | √ | | |
| ७ | बेञ्च | १२५ | √ | | |
| ८ | कुर्सी | ३० | √ | | |
| ९ | खानेपानी | २ | √ | | |
| १० | छात्राका लागि शौचालय | २ | √ | | |
| ११ | छात्रका लागि शौचालय | २ | √ | | |
| १२ | शिक्षकले प्रयोग गर्ने पुस्तक | छ | √ | | |
| १३ | पाठ्यक्रम | - | | | |
| १४ | पाठ्यक्रम दिग्दर्शन | - | | | |
| १५ | पाठ्यपुस्तक | - | | | |
| १६ | शिक्षक निर्देशिका | - | | | |
| १७ | शैक्षिक सामग्री | छ | | √ | |
| १८ | विषय विस्तृतिकरण | - | | | |

श्रोत: फ्ल्यास द्वितिय २०७०

# अनुसूची १६

जनक माध्यमिक विद्यालय सालवनीको भौतिक सुविधाको विवरण

| क.स | विवरण | संख्या | पर्याप्त | अपर्याप्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | भ्वन | ८ | √ | | |
| २ | कक्षा कोठा | १७ | √ | | |
| ३ | विद्यालयको हाताबार | १ | √ | | |
| ४ | प्रयोगशाला | १ | | √ | |
| ५ | कम्प्युटर | ८ | | √ | |
| ६ | डेक्स | ६० | √ | | |
| ७ | बेञ्च | ६० | √ | | |
| ८ | कुर्सी | १५ | | √ | |
| ९ | खानेपानी | २ | √ | | |
| १० | छात्राका लागि शौचालय | १ | | √ | |
| ११ | छात्रका लागि शौचालय | १ | | √ | |
| १२ | शिक्षकले प्रयोग गर्ने पुस्तक | १५ | | √ | |
| १३ | पाठ्यक्रम | ७ | | √ | |
| १४ | पाठ्यक्रम दिग्दर्शन | | | | |
| १५ | पाठ्यपुस्तक | | | | |
| १६ | शिक्षक निर्देशिका | ४ | | √ | |
| १७ | शैक्षिक सामग्री | छ | | √ | |
| १८ | विषय विस्तृतिकरण | छ | √ | | |

श्रोतः फ्ल्यास द्धितिय २०७०

# अनुसूची १७

जनता उच्च माध्यमिक विद्यालय सिंगियाको भौतिक सुविधाको विवरण

| क.स | विवरण | संख्या | पर्याप्त | अपर्याप्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | भ्वन | ७ | √ | | |
| २ | कक्षा कोठा | ३० | √ | | |
| ३ | विद्यालयको हाताबार | १ | √ | | |
| ४ | प्रयोगशाला | १ | | √ | |
| ५ | कम्प्युटर | १ | | √ | |
| ६ | डेक्स | १५० | √ | | |
| ७ | बेञ्च | १५० | √ | | |
| ८ | कुर्सी | ५० | | √ | |
| ९ | खानेपानी | २ | √ | | |
| १० | छात्राका लागि शौचालय | २ | | √ | |
| ११ | छात्रका लागि शौचालय | २ | | √ | |
| १२ | शिक्षकले प्रयोग गर्ने पुस्तक | ३० | | √ | |
| १३ | पाठ्यक्रम | १० | | √ | |
| १४ | पाठ्यक्रम दिग्दर्शन | ५ | | | |
| १५ | पाठ्यपुस्तक | २८० | | | |
| १६ | शिक्षक निर्देशिका | ४ | | √ | |
| १७ | शैक्षिक सामग्री | छ | | √ | |
| १८ | विषय विस्तृतिकरण | छ | √ | | |

**श्रोतः फ्ल्यास द्वितिय २०७०**

# अनुसूची १८

## जनता उच्च माध्यमिक विद्यालय सिंगियाको २०७० को विद्यार्थी संख्या

| विद्यार्थी | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| दलित | ६ | ९ | १५ | ४ | | ४ | ३ | १ | ४ | १ | ४ | ५ | | | |
| जनजाति | १४ | १४ | २८ | ११ | ९ | २० | १३ | ७ | २० | ५ | १९ | २४ | १४ | १५ | २९ |
| अन्य | ४ | ६ | १० | ४ | ४ | ८ | ७ | १० | १७ | ४ | १० | १४ | १२ | ४ | १६ |
| जम्मा | २४ | २९ | ५३ | १९ | १३ | ३२ | २३ | १८ | ४१ | १० | ३३ | ४३ | २६ | १९ | ४५ |
| विद्यार्थी | कक्षा-६ | | | कक्षा-७ | | | कक्षा-८ | | | कक्षा-९ | | | कक्षा-१० | | |
| | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा |
| दलित | ६ | ३ | ९ | ५ | १ | ६ | ६ | ५ | ११ | ६ | १ | ७ | २ | ५ | ७ |
| जनजाति | ३९ | ३९ | ७८ | ४५ | ५१ | ९६ | ४८ | ५० | ९८ | २८ | ७० | ९८ | २२ | ५३ | ७५ |
| अन्य | १३ | १६ | २९ | १९ | १७ | ३६ | १६ | १५ | ३१ | १८ | २० | ३८ | २३ | २० | ४३ |
| जम्मा | ५८ | ५८ | ६९ | ६९ | ६९ | १३८ | ७० | ७० | १४० | ५२ | ९१ | १४३ | ४७ | ७८ | १२५ |

श्रोतः फ्ल्यास रिपोर्ट २०७०

नोटः यस विद्यालयमा शारीरिक अपाङ्ग तथा सुस्त मनस्थितिका बालबालिका कक्षा १ देखि १० सम्म जम्मा ९ जना छन् । जस मध्ये छात्रा २ र छात्र ७ जना छन् ।

नोटः यस विद्यालयमा बहिरा तथा सुष्त श्रवण भएका बालबालिका कक्षा १ देखि १० सम्म जम्मा  जना छन् । जस मध्ये छात्रा  र छात्र  छन् ।

# अनुसूची १९

जनता माध्यमिक विद्यालय नरसिंहको २०७० को विद्यार्थी संख्या

| विद्यार्थी | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| दलित | १६ | ६ | २२ | १७ | ८ | २५ | ५ | ९ | १४ | ६ | १८ | २४ | १९ | १६ | ३५ |
| जनजाति | ४ | २ | १४ | ५ | ६ | ११ | ८ | ८ | १६ | ६ | ११ | १७ | ७ | १३ | २० |
| अन्य | | १० | २ | १ | ९ | १० | ५ | १ | ६ | ५ | ५ | १० | ६ | ९ | १५ |
| जम्मा | २० | १८ | ३८ | २३ | २३ | ४६ | १८ | १८ | ३६ | १७ | ४१ | ४१ | ३२ | ३८ | ७० |
| विद्यार्थी | कक्षा-६ | | | कक्षा-७ | | | कक्षा-८ | | | कक्षा-९ | | | कक्षा-१० | | |
| | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा |
| दलित | १९ | १४ | ३३ | ११ | १५ | २६ | १४ | ८ | २२ | ११ | ६ | १७ | २ | ४ | ६ |
| जनजाति | ८ | १९ | २७ | ५ | ६ | ११ | ३ | ९ | १२ | २ | ४ | ६ | १ | ३ | ४ |
| अन्य | १३ | १७ | ३० | २३ | २८ | ५१ | २९ | ३३ | ६२ | २० | ३५ | ५५ | १७ | २० | ३७ |
| जम्मा | ३० | ५० | ९० | ३९ | ४९ | ८८ | ५६ | ५० | १०६ | ३३ | ४५ | ७८ | २० | २७ | ४७ |

श्रोतः फ्ल्यास रिपोर्ट २०७०

नोटः यस विद्यालयमा शारीरिक अपाङ्ग तथा सुस्त मनस्थितिका बालबालिका कक्षा १ देखि १० सम्म जम्मा १० जना छन्। जस मध्ये छात्रा ४ र छात्र ६ जना छन्।
नोटः यस विद्यालयमा बहिरा तथा सुष्त श्रवण भएका बालबालिका कक्षा १ देखि १० सम्म जम्मा २ जना छन्। जस मध्ये छात्रा १ र छात्र १ छन्।

# अनुसूची २०

पकली उच्च माध्यमिक विद्यालय पकलीको २०७० को विद्यार्थी संख्या

| विद्यार्थी | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| दलित | १४ | १२ | २६ | ८ | ७ | १५ | १५ | ११ | २६ | ९ | ८ | १७ | ८ | ९ | १७ |
| जनजाति | ८ | ५ | १३ | २० | १७ | ३७ | १६ | १४ | ३० | २५ | १२ | ३७ | २० | १७ | ३७ |
| अन्य | २९ | १३ | ४२ | १७ | ९ | २६ | ६ | २० | २६ | १० | २१ | ३१ | २२ | ९ | ३१ |
| जम्मा | ५१ | ३० | ८१ | ४५ | ३३ | ७८ | ३७ | ४२ | ८२ | ४४ | ४१ | ८५ | ५० | ३५ | ८५ |
| विद्यार्थी | कक्षा-६ | | | कक्षा-७ | | | कक्षा-८ | | | कक्षा-९ | | | कक्षा-१० | | |
| | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा |
| दलित | ८ | ११ | १९ | ९ | ९ | १८ | ८ | ६ | १४ | ७ | ५ | १२ | ४ | ५ | ९ |
| जनजाति | १४ | २४ | ३८ | १७ | १४ | ३१ | २७ | २४ | ५१ | ६१ | ७३ | १३४ | ४१ | ६९ | ११० |
| अन्य | २९ | २३ | ५१ | २२ | ४३ | ६५ | १२ | १६ | २८ | २५ | ९ | ३४ | ९ | १६ | २५ |
| जम्मा | ५१ | ५८ | १०९ | ४८ | ६६ | ११४ | ४७ | ४६ | ९३ | ९३ | ८७ | १८० | ५४ | ९० | १४४ |

श्रोत: फ्ल्यास रिपोर्ट २०७०

नोट: यस विद्यालयमा शारीरिक अपाङ्ग तथा सुस्त मनस्थितिका बालबालिका कक्षा १ देखि १० सम्म जम्मा ७ जना छन् । जस मध्ये छात्रा २ र छात्र ५जना छन् ।

नोट: यस विद्यालयमा बहिरा तथा सुष्त श्रवण भएका बालबालिका कक्षा १ देखि ५ सम्म जम्मा ८ जना छन् । जस मध्ये छात्रा २ र छात्र ६ छन् ।

## अनुसूची २१

जनक माध्यमिक विद्यालय सालवनीको २०७० को विद्यार्थी संख्या

| विद्यार्थी | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| दलित | १ | ५ | ६ | ६ | १ | ७ | ३ | २ | ५ | २ | ४ | ६ | | ६ | ६ |
| जनजाति | १ | २ | ३ | २ | २ | ४ | ३ | ६ | ९ | १ | ३ | ४ | ७ | ३ | १० |
| अन्य | ४ | २ | ६ | ७ | | ७ | ३ | ४ | ७ | ५ | ५ | १० | २ | ३ | ५ |
| जम्मा | ६ | ९ | १५ | १५ | ३ | १८ | ९ | १२ | २१ | ८ | १२ | २० | ९ | १२ | २१ |
| विद्यार्थी | कक्षा-६ | | | कक्षा-७ | | | कक्षा-८ | | | कक्षा-९ | | | कक्षा-१० | | |
| | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा |
| दलित | २ | २ | ४ | २ | ४ | ६ | ६ | ५ | ११ | २ | ३ | ५ | २ | ५ | ७ |
| जनजाति | ४ | ५ | ९ | २ | २ | ४ | १३ | ५ | १८ | ९ | ८ | १७ | ९ | १० | १९ |
| अन्य | ३ | ६ | ९ | ६ | ७ | १३ | १२ | १० | २२ | ९ | ७ | १६ | १६ | ७ | २३ |
| जम्मा | ९ | १३ | २२ | १० | १३ | २३ | ३० | २१ | ५१ | २० | १८ | ३८ | २७ | २२ | ४९ |

श्रोतः फ्ल्यास रिपोर्ट २०७०

नोटः यस विद्यालयमा शारीरिक अपाङ्ग तथा सुस्त मनस्थितिका बालबालिका कक्षा १ देखि १० सम्म जम्मा १० जना छन् । जस मध्ये छात्रा १ र छात्र जना छन् ।
नोटः यस विद्यालयमा बहिरा तथा सुष्त श्रवण भएका बालबालिका कक्षा १ देखि १० सम्म जम्मा जना छन् । जस मध्ये छात्रा र छात्र छन् ।

# अनुसूची २२

## जनता उच्च माध्यमिक विद्यालय मधेशाको २०७० को विद्यार्थी संख्या

| विद्यार्थी | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| दलित | ५ | ९ | १४ | २ | ४ | ६ | ३ | १० | १३ | २ | १ | ३ | ८ | ५ | १३ |
| जनजाति | ५ | ७ | १२ | ३ | ४ | ७ | ४ | ३ | ७ | ७ | ६ | १३ | २ | ५ | ७ |
| अन्य | ४ | | ६ | ४ | ५ | ९ | ५ | ६ | ११ | ६ | ६ | १२ | ७ | ६ | १३ |
| जम्मा | १० | १६ | ३२ | ९ | १३ | २२ | १२ | १९ | ३१ | १५ | १३ | २८ | १७ | १६ | ३३ |
| विद्यार्थी | कक्षा-६ | | | कक्षा-७ | | | कक्षा-८ | | | कक्षा-९ | | | कक्षा-१० | | |
| | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा | छात्र | छात्र | जम्मा |
| दलित | ९ | १८ | २७ | १२ | १४ | ३६ | १२ | २२ | ३४ | ८ | ९ | १७ | ५ | ९ | १४ |
| जनजाति | २६ | ४८ | ७४ | २७ | ४० | ६७ | ३२ | ४६ | ७८ | २६ | ४८ | ७४ | ३० | ३३ | ६३ |
| अन्य | ९ | ९ | १८ | १७ | १७ | ३४ | १७ | २७ | ४४ | १२ | २३ | ३५ | १३ | १२ | २५ |
| जम्मा | ४४ | ७५ | ११९ | ५६ | ७१ | १२७ | ६१ | ९५ | १५६ | ४६ | ८० | १२६ | ४८ | ५४ | १०२ |

श्रोत: फ्ल्यास रिपोर्ट २०७०

नोट: यस विद्यालयमा शारीरिक अपाङ्ग तथा सुस्त मनस्थितिका बालबालिका कक्षा १ देखि १० सम्म जम्मा ६ जना छन्। जस मध्ये छात्रा २ र छात्र ४ जना छन्।
नोट: यस विद्यालयमा बहिरा तथा सुष्त श्रवण भएका बालबालिका कक्षा १ देखि १० सम्म जम्मा जना छन्। जस मध्ये छात्रा र छात्र छन्।